# हाम्रो गोदावरी

## आधारभूत तह (कक्षा ४-८) को

## स्थानीय पाठ्यक्रम, २०८०

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली

## नगर प्रमुखको भनाइ

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार सूची अन्तर्गत राखेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६ ले स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप समेट्ने गरी आधारभूत तहमा स्थानीय विषयको पठनपाठन हुने व्यवस्था गरेको छ । जस अन्तर्गत आधारभूत तह (कक्षा ४-८) का लागि पाठ्यघण्टा-४ र वार्षिक कार्यघण्टा-१२८ को व्यवस्था भएको छ ।

स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसारको विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रममा स्थानीय ज्ञान, सिप, प्रविधि, स्थानीय स्तरका कला, भाषा, संस्कृति, परम्परा पर्यटकीय क्षेत्र, प्राकृतिक भूगोल, सम्पदा समेटिएको हुन्छ । यिनै मान्यताका आधारमा आधारभूत तह (कक्षा ४-८) का लागि "हाम्रो गोदावरी" नामक स्थानीय पाठ्यक्रम तयार भएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनले मात्रै स्थानीय पाठ्यक्रमको उद्देश्य पूरा हुने भएकाले आधारभूत तह (कक्षा ४-८) का लागि तयार पारिएको यो "हाम्रो गोदावरी" नामक स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी लगायत सम्पूर्ण सरोकारवालाहरु समक्ष अनुरोध गर्दछु ।

अन्तमा, स्थानीय पाठ्यक्रम निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने स्थानीय पाठ्यक्रम मस्यौदा निर्माण समिति, विभिन्न माध्यमबाट सुझाव सल्लाह प्रदान गर्नु हुने शिक्षाविद्, बुद्धिजिवी, RHRN2/YARD लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिँदै यस स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयन हुने कुरामा दृढ विश्वास लिएको छु ।

विरेन्द्र भट्ट
नगर प्रमुख
गोदावरी नगरपालिका, कैलाली

# विषयसूची

सि.नं. शिर्षक पेज नं.

१. परिचय ........ १

२. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य ........ ३

३. विद्यालय शिक्षाको तहगत संरचना ........ ४

४. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना ........ ५

५. आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना ........ ६

६. आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम संरचना ........ ८

७. आधारभूत शिक्षा (कक्षा ४-८) का तहगत सक्षमता ........ ९

८. विद्यार्थी मूल्याङ्कन प्रक्रिया ........ ९

९. शिक्षाको माध्यम ........ १२

१०. शिक्षण सिकाइ तौरतरिका ........ १३

११. शिक्षण सिकाइ तौरतरिकाका लागि मार्गदर्शन ........ १४

१२. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष ........ १७

१३. विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरु : ........ १८

१४. सिकाइ उपलब्धिको विस्तृतीकरण ........ २१

१५. कक्षा ४-८ को मूल्याङ्न ........ ९३

१६. शिक्षण सिकाइका लागि माध्यम भाषा ........ ९४

१७. पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार ........ ९५

## १. परिचय

विविधताको व्यवस्थापन गर्न संघीय लोकतान्त्रिक गणतन्त्र नेपालले संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाको व्यवस्था गरेको छ । नेपालको संविधानको अनुसूची (८) को खण्ड ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा समाजको आवश्यकता तथा अपेक्षाको विश्लेषण समेतलाई आधार लिदैं नेपालको संविधान र राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले निर्दिष्ट गरेका मान्यता तथा सिद्धान्तहरुलाई आत्मसात गरिएको छ ।

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपले मार्गनिर्देशन गरेको शिक्षाको लक्ष्य तथा प्रक्रिया अनुरुप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रुपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरुले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रुपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरु प्राप्तिको सुनिश्चितलाई मार्गदर्शन गर्दछ । यहि अवधारणा अनुसार यस पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगायत सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक पर्ने तत्वहरु समावेश गरिएको छ । यस पाठ्यक्रममा विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमानको आवश्यकता आकलन गरी उनीहरुले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृद्धि सहितका सक्षमताहरु समेटिएका छन् ।

नेपालमा औपचारिक रुपमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरुप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन भएन । आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय विषय वा मातृभाषा राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप,

२०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रम सम्बन्धमा कक्षा १ देखि ३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० घण्टी र कक्षा ४ देखि ५ को लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक कार्यघण्टी १२८ निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रम ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ भने नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १ - ३) को ढाँचा २०७५ स्वीकृत भई २०७६ मा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा पाँच ओटा विषय (गणित, नेपाली, अंग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय वा मातृभाषा) राख्नु पर्ने प्रावधान छ । आधारभूत तह (कक्षा १ देखि ३) मा मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यघण्टा ५ र वार्षिक कार्यघण्टा १६० र कक्षा ४-८ मा मातृभाषा वा अन्य कुनै स्थानीय विषयवस्तु नामकरण गरी पाठ्यघण्टा ४ र वार्षिक कार्यघण्टा १२८ तोकेकाले स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गरी स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीय तहबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोतसम्बन्धी, २०६८ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरुकै सहभागीतामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" भनी परिभाषित गरेको छ । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले "स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता र सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिएको पाठ्यक्रम हो" भनेको छ । त्यसैले स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै सक्रियतामा कम लागतमा तयार गरिने पाठ्यक्रम हो । तसर्थ यो नमूना स्थानीय पाठ्यक्रमले सम्बन्धित स्थानीय तहभित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ ।

सर्वाङ्गिण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा उल्लेख

गरिएका सिद्धान्तहरुलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रुपमा लिएको छ । अन्तरविषयक तथा बहुविषयक विषय क्षेत्रमा आधारित भई एकीकृत सिद्धान्तअनुसार पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरु समेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, साँस्कृतिक तथा भाषिक लगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्वन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ ।

## २. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार हुने छन् :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने ।

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

छ) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ३. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यवसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

**तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समुह | सिकाइ स्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ४. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

**तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

| क.स. | सिपका क्षेत्रहरु | सिपहरु | वार्षिक समय (घण्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | क) शारीरिक सिप<br>ख) संवेगात्मक विकास<br>ग) सामाजिक, साँस्कृतिक र नैतिक सिप<br>घ) बौद्धिक तथा मानसिक सिप<br>ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | क) भाषिक सिप<br>ख) पूर्वगणितीय सिप<br>ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>घ) वरपरको वातावरण<br>ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समय बाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तिमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुन सक्नेछ ।

**तालिका ३ : आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क्र.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३. | गणितिय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा (credit hour)मानिएको छ ।

**तालिका ४ (क)**

## ५. आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरु समावेश गरिने छ :

भाषिक विषय अन्तर्गत सुनाइ, बोलाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरुमा ध्यान दिनुपर्दछ । गणित अन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरुअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरु समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा अन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरु समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरु समावेश गरिने छ । सिर्जनात्मक सिप विकास सम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरुसँग पनि सम्बन्धित गराउनुपर्दछ ।

स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

संस्कृत तथा परम्परागत शिक्षा अन्तर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ । यस अन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषय क्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूल गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## ६. आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम संरचना

**तालिका ५. आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

| | विषय | | | | |
|---|---|---|---|---|---|
| क्र. स. | साधारण | संस्कृत शिक्षा/ गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मर्दसा/ शिक्षा | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | अंग्रेजी वा संस्कृत रचना | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

द्रष्टव्य : (१) स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सिप र प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरण सम्बन्धी विषयवस्तु समेत समेट्न सकिने छ ।

(२) सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकुल गरी सम्बन्धित भाषामा नै पठनपाठन गर्न सकिने छ ।

तहगत सक्षमताहरु :

पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा १-३ का तहगत तथा विषयगत सक्षमताहरु पहिचान गरिएको छ ।

स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन पश्चात विद्यार्थीहरुमा तपसिल बमोजिमको सक्षमता हासिल भएको हुनेछ ।

- आफ्नो र परिवारका सदस्यहरुको परिचय दिन
- आफ्नो गाउँ घरमा खेलिने खेल एवं योगाभ्यासको विकास गर्न
- सामाजिक कुरीतिको बारेमा सचेत हुन
- व्यक्तिगत सरसफाई तथा फोहोर व्यवस्थापन गर्न
- आफ्नो संस्कृति प्रति सचेत रहि साँस्कृतिक जगेर्ना गर्ने बानीको विकास गर्न
- स्थानीय सम्पदाको संरक्षण प्रति अभिप्रेरित हुन
- स्थानीय परम्परागत पेशा, व्यवसाय र प्रविधि प्रति सकारात्मक भावनाको विकास गर्न |

## ७. आधारभूत शिक्षा (कक्षा ४-८) का तहगत सक्षमता

आधारभूत शिक्षा (कक्षा ४-८) का सक्षमताहरु निम्नानुसार हुने छन् :

१. गोदावरी नगरपालिकाको वस्तुस्थितिसँग परिचित हुन ।
२. गोदावरी नगरपालिका अन्तर्गतका सम्पदाको पहिचान तथा संरक्षण गर्न ।
३. स्थानीय पेशा, व्यवसाय र प्रविधिसँग परिचित हुन ।
४. स्थानीय फोहोरमैलाको उचित व्यवस्थापन गर्न ।
५. स्थानीय सामाजिक समस्याहरुको पहिचान तथा समाधान गर्न ।
६. दैनिक जीवनमा आइपर्ने कठिनाई प्रति सचेत रही सुरक्षाका उपायहरु अवलम्वन गर्न ।
७. खेल र योगका माध्यमबाट स्वस्थ र प्रशन्न रहन ।

## ८. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

- विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्बन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गरी विद्यार्थीको सिकाइ स्तर निर्धारण गर्नुपर्दछ ।

(क) **निर्माणात्मक मूल्याङ्कन** : निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रुपका कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरुको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

- निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्ने छ । प्रामाणिक मूल्याङ्कन (Authentic assessment)एक औपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसुची र कार्यसञ्चयीकालाई समावेश गर्नुपर्ने छ । विषयगत रेकर्ड (Anecdotal record) विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ । आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्ने छ ।
- निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिए अनुसार अभिलेखिकरण गर्नुपर्छ ।

(ख) **निर्णयात्मक मूल्याङ्कन** : आधारभूत तह (कक्षा ४ र ५) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ ।

(आ) निर्माणात्मक मूल्याङ्कनका सामान्य आधार निम्नानुसार हुनेछन् । अन्य आधार विषयगत पाठ्यक्रममा तोकिए अनुसार हुने छन् ।

| सि.नं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २. | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

- प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलापको विस्तृत विवरण पाठ्यक्रममा दिइएको छ । एक शैक्षिक वर्षमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्ने छ र निर्णयात्मक मूल्याङ्कनमा कम्तीमा दुईओटा त्रैमासिक परीक्षाको नतिजाका आधारमा अङ्कभार समावेश गर्नुपर्ने छ ।

(इ) अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरुलाई परीक्षामा केही खास खास विषयहरुमा अरु साधारण विद्यार्थीहरुलाई दिइने प्रश्न भन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरुका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठुला मुद्रित सामग्री, स्पर्शात्मक सामग्री लगायतको उपयोग गर्नुपर्ने छ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्नेछ । कठिन तहको अपाङ्गता भएका विद्यार्थीलाई उनीहरुको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सोअनुसार मूल्याङ्कन गर्नुपर्नेछ ।

(ई) विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण (Grade Sheet)यस प्रकार हुनेछ :

विद्यालयको नाम : ........................................................

विद्यार्थीको नाम : ..........................................................

कक्षा : .................. रोल नं. ............. जन्म मिति .....................................

अभिभावकको नाम : .................................................................

**नतिजा विवरण (Grade Sheet)**

| क्र.स. | विषय | पाठ्यघण्टा | आन्तरिक मूल्याङ्कन | | बाह्य मूल्याङ्कन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | ग्रेड | ग्रेड प्वाइन्ट | ग्रेड | ग्रेड प्वाइन्ट | |
| १. | नेपाली | | | | | | |
| २. | अङ्ग्रेजी | | | | | | |
| ३. | गणित | | | | | | |
| ४. | विज्ञान तथा प्रविधि | | | | | | |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | | | | | |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | | | | | | |
| ७. | मातृभाषा वा स्थानीय विषय | | | | | | |
| औसत ग्रेड प्वाइन्ट (GPA): | | | | | | | |

- विषय शिक्षकको हस्ताक्षर :
- नाम :

प्रधानाध्यापकको हस्ताक्षर :
नाम :
मिति :

## ९. शिक्षाको माध्यम

- आधारभूत तह (कक्षा ४ र ५) मा शिक्षणको माध्यम भाषा सामान्यतया मातृभाषा, बहुभाषा वा नेपाली भाषा हुने छ । तर देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुने छ :
  (क) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।
- विद्यार्थीहरुलाई "गर र सिक" भन्ने धारणाको अभिवृद्धि गराउनु स्थानीय पाठ्यक्रमको मूल लक्ष्य हो । बालबालिका आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरु प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि । समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको विधिका रुपमा लिइन्छ । यस अन्तर्गत मस्तिष्क मन्थन (brain

storming),सङ्गठित सिंहावलोकन (structure overview),जिग्स (jig-saw),शब्दार्थ चित्र (semantic map), जोडीमा सारांश (paired reading-paired summarizing),मान्यता रेखा (value line) जस्ता तरिकाहरु आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ ।

- जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्याथी र्केन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरुको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरु आफैँलाई कुनै कुनै समस्या समाधान गर्न गाऱ्हो तथा अप्ठ्यारो पर्न सक्छ । त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्धारा सहयोग पुऱ्याई समाधान गरिदिनु उचित हुन्छ ।

## १०. शिक्षण सिकाइ तौरतरिका

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया शिक्षण सिकाइ तौरतरिका हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुसरण गरिने भएकोले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । शिक्षण सिकाइ तौरतरिका विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्दछ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्दछ । शिक्षण सिकाइ तौरतरिका विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने खालको हुनुपर्दछ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भइ सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित हुनुपर्दछ ।

एउटै प्रकारको शिक्षण सिकाइ तौरतरिका सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । शिक्षण सिकाइ तौरतरिकाको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना उनीहरुको तहगत स्तर, विषयवस्तुको स्वरुपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअर्न्गात कक्षा ४-८ को यो स्थानीय पाठ्यक्रम समग्रमा स्थानीय विषयवस्तुमा आधारित भएकाले यसको शिक्षण सिकाइ तौरतरिका परम्परागत तौरतरिका भन्दा फरक हुनुपर्दछ । विद्यार्थीहरुले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ ।

सिकाइका क्रममा विद्यार्थीहरुको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्दछ । स्थानीय विषयक्षेत्रहरुलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया व्यवहारिक हुने गरी सञ्चालन गर्नुपर्दछ । प्रारम्भिक कक्षाहरुमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइ कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ तौरतरिकाबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुहरुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरुले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने गरी सो अनुसारका विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

## ११. शिक्षण सिकाइ तौरतरिकाका लागि मार्गदर्शन

कक्षा ४-८ सम्मको स्थानीय विषयको शिक्षण सिकाइ तौरतरिका देहाय बमोजिम सञ्चालन गर्नुपर्ने छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रुपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ ।
- विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ ।
- खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरु सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य छलफल जस्ता विधिहरुका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ ।

- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान खोजमूलक अध्ययन, प्रवर्तनमुखी पद्धतिलाई सिकाइ सहजीकरण विधिका रुपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रुपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइसहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने, भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ ।
- सिकाइ क्रियाकलाप शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइ बिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज

अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदी) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।

- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान गर्दै शैक्षिक परिवर्तनका लागी सहयोगमा प्राथमिकता दिनुपर्ने छ ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आवद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषय क्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ ।
- एकीकृत पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ ।

सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषय क्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति बमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ । विषय क्षेत्रको प्रकृति र स्वरुपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलाप विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारु अनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधि उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्न भिन्न ढङ्गले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधि प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थीअनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ । शिक्षण सिकाइमा विभिन्न विधिहरुको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरु विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ

कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरुमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यवहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

## १२. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

सम्बन्धित विषय क्षेत्रमा प्रयोग हुने गरी शिक्षण विधि तथा प्रविधि चयन गर्दा ध्यान दिनुपर्ने केहि महत्वपूर्ण पक्षहरु यहाँ उल्लेख गरिएका छन :

१. सक्षमता तथा सिकाइ उपलब्धिहरु : पाठ्यक्रममा उल्लिखित लक्ष्य तथा उद्देश्यहरु अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।

२. विषयवस्तुको स्वरुप : विषयवस्तुको स्वरुपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।

३. बालमनोविज्ञान : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।

४. स्रोत साधनहरुको उपलब्धता : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्दछ ।

५. विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेलखाने हुनुपर्दछ ।

६. समय र विद्यार्थी सङ्ख्या : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।

७. शिक्षकको योग्यता, क्षमता र रुचि : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षणविधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ । यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै

विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

यसरी स्थानीय पाठ्यक्रमको विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## १३. विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरु :

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा ४-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रुपमा प्रस्तुत गरिएको छ ।

शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१. **कथाकथन एवम् गीत** : यस विधिमा विषयवस्तुलाई कथाको रुपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

२. **आगमन विधि** : यसमा सूचनाहरुको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

३. **भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भुमिका वहन, छलफल र निष्कर्ष कार्य गरिन्छ ।

४. **निर्माणात्मक कक्षा** : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, परियोजना कार्य, प्रश्नोतर), आवश्कताअनुसार टेवा प्रदन र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. **सहयोगात्मक कक्षा** : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

६. **परियोजना कार्य** : विद्यार्थीको उमेर स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफै खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. **छलफल र प्रश्नोतर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरुको स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. **अन्वेषण, अनुसन्धान तथा खोज** : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरुद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. **प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरुको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. **सिर्जनात्मक कार्य** : चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरुद्वारा सिकाइ गर्न सकिन्छ ।

११. **समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. **खेल विधिः** यसका विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. **भ्रमण** :विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. **प्रदर्शन विधि** : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रर्दशन गरिन्छ ।

१६. **स्वाध्ययन तथा छलफल** : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकता अनुसार विद्यार्थी बिच छलफल गराउन सकिन्छ ।

१७. **अन्तरक्रिया** : यसमा छलफलको योजना र तयारी, बृहत समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसुची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. **उदाहरण र प्रयोग** : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक, सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यस अन्तर्गत उपयोग गर्न सकिन्छ ।

१९. **श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमूना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्न र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षण अन्तर्गत भाषिक सिप, शब्दभण्डार अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## १४. सिकाइ उपलब्धिको विस्तृतीकरण

### कक्षा ४

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १. | हामी र हाम्रो गोदावरी | भौगोलिक अवस्था :<br>नेपालको नक्सामा गोदावरी नगरपालिकाको अवस्थिति<br>वनावट , भिरालो र समथर भूभाग | • नेपालको नक्सामा सुदूरपश्चिम प्रदेशलाई देखाउन,<br>• सुदूरपश्चिमभित्रको गोदावरी नगरपालिकालाई नक्सामा देखाउन,<br>• गोदावरी नगरपालिकाको भौगोलिक बनोट बर्णन गर्न,<br>• गोदावरी नगरपालिकाको भौगोलिक बनोटको बर्णन गर्न,<br>• गोदावरी नगरपालिकाको पहाडी भूभाग र समथर ( तराई) क्षेत्रको वर्णन गर्न, | • नेपालको नक्सा र सुदूरपश्चिम प्रदेशको नक्सा समेत कक्षामा प्रदर्शन गरी उक्त नक्सामा गोदावरी नगरपालिका पर्ने स्थान संकेत गर्न लगाउने,<br>• नक्साको सहायतले चार किल्लाको सिमा देखाइ नगरपालिकाको भौगोलिक अवस्थितिको परिचय दिने,<br>• नक्सा हेरी नगरपालिकाको आकार प्रकार वर्णन गर्न लगाउने,<br>• गोदावरी नगरपालिका क्षेत्रभित्रका आफ्नो र आफन्तका घरहरु रहेका स्थानका बारेमा छलफल तथा प्रश्नोत्तर गर्दै यहाको भिरालो र समथर भूभाग बारे परिचित गराउने,<br>• लघु क्षेत्र भ्रमण गराई भूभागको बनोट समथर भिरालो अवलोकन गराउने, | | • नेपालको नक्सा हेरेर गोदावरी नगरपालिका कहाँ पर्छ चिनो, संकेत गर्न लगाएर,<br>• गोदावरी नगरपालिकाको चार दिशामा अवस्थित स्थानीय तहहरु भन्न लगाएर,<br>• गोदावरी नगरपालिकाको भूबनोटको वर्णन गर्न लगाएर, | २३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय सरकार :<br>● कार्यपालिका<br>● न्यायपालिका र व्यवस्थापिका<br>● वडाबाट प्रवाह हुने सेवाहरु | ● गोदावरी नगरपालिकाभित्रका वडाहरुको बारेमा बताउन,<br>● आफू बसेको वडाको बारेमा बताउन,<br>● वडा कार्यालयबाट उपलब्ध हुने सेवाहरु ( बसाइ सराइ आदि) को बारेमा भन्न,<br>● स्थानीय सरकार र न्यायपालिकाको कार्यहरु भन्न,<br>● नगर व्यवस्थापिकाको कार्यहरुको सूची बनाउन | ● स्थानीय सरकारका प्रमुख तीन अंगसहितको तालिका देखाउँदै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सामान्य परिचय दिने,<br>● कार्यपालिकाका कार्यहरुको सामान्य परिचय दिने,<br>● न्यायपालिकाको सामान्य परिचय दिने,<br>● व्यवस्थापिकाको सामान्य परिचय दिने,<br>● वडाबाट प्रवाह हुने सेवा ( बसाइ सराइ अन्य सिफारिस) को बारेमा जानकारी दिने, | | ● स्थानीय सरकारका प्रमुख अंगहरु केके हुन् भन्न लगाएर,<br>● कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको परिचय दिन लगाएर,<br>● वडाबाट कुन कुन सेवा प्रवाह हुन्छ भनी भन्न लगाएर,<br>● वडाले प्रवाह गर्ने सेवाको सूची बनाउन लगाएर, | |
| | | विकासका पूर्वाधार :<br>● शिक्षा (विद्यालय, महाविद्यालय,विश्वविद्यालय)<br>● स्वास्थ्य सेवा,<br>● खानेपानी | ● आफू बस्ने वडामा रहेका विद्यालय,अस्पताल,स्वास्थ्य केन्द्रका बारेमा भन्न,<br>● आफू बसेको वडाको बाटोघाटो, पिउने पानीको बारेमा बताउन, | ● आफ्नो घर नजिक भएका विद्यालयहरूको नाम भन्न लगाई आफ्नो वडामा रहेका विद्यालयहरूका बारेमा छलफल गर्न लगाउने,<br>● विद्यार्थीहरूले आफूले थाहा पाएका नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको नाम भन्न लगाई नगरपालिकामा भएका विद्यालय बारे छलफल, प्रश्नोत्तर, गराउने,<br>● विद्यार्थीहरूलाई कुनै विश्वविद्यालयको नाम सुन्नु भएको छ भनी प्रश्न गर्दै | | ● आफ्नो वडामा भएका विद्यालयको सूची बनाउन लगाएर,<br>● नगरपालिका भित्रका चिरपरिचित विद्यालयहरूको सूची बनाउन लगाएर,<br>● गोदावरी नगरपालिकाभित्रका महाविद्यालयको नाम लेख्न लगाएर,<br>● नगरपालिकाभित्रका अन्य स्वास्थ्य सेवा, खानेपानी लगायत संस्थाहरूको बारेमा भन्न लगाएर, | |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | सुदूरपश्चिम विश्वविद्यालयको सामान्य परिचय दिने,<br>• गोदावरी नगरपालिकाभित्रका राम्रा विद्यालय, महाविद्यालयहरूको छोटो भ्रमण गराउने,<br>• हामी बिरामी हुदा उपचार गर्न, खोप लगाउन कहाँ जान्छौं र ती संस्थाहरू कहाँ कहाँ छन् भनी प्रश्नोत्तर गर्ने,<br>• स्वास्थ्य चौकी, अस्पताल, नर्सिङ होम आदिबाट स्वास्थ्य सेवा पाइने जानकारी दिने,<br>• विद्यार्थीलाई तपाईं कुन कुन स्रोतको पानी पिउनुहुन्छ भनी जलस्रोत बारे चर्चा चलाउने,<br>• पिउन योग्य पानी र पिउन अयोग्य पानी पानीको स्रोतबारे छलफल, प्रश्नोत्तर गराउँदै गोदावरी नगरभित्रको खानीपानीको वर्तमान अवस्थाबारे वर्णन गरिदिने । | | • आफ्नो घरमा उपयोग गरिने खानेपानीको स्रोतको सूची बनाउन लगाएर, | |
| | | स्थानीय विकासका समस्या र चुनौती:<br>• चुनौतीको पहिचान,<br>• धूमपान, मद्यपान, र छुवाछुतको सामान्य परिचय | • समाजमा रहेका विभिन्न विकृतिहरु (छुवाछुत, लागू पदार्थ सेवन) का बारेमा सामान्य वर्णन गर्न, | • नगरपालिकाको विकासमा देखा परेका समस्याबारे छलफल र प्रश्नोत्तर गराउने,<br>• धूमपान र मद्यपानले विकासमा पार्ने प्रभाव बारे छलफल र प्रश्नोत्तर गराउने, | | • नगरपालिकाको विकासमा देखिएका समस्याको सूची बनाउन लगाएर,<br>• धूमपान र मद्यपानको परिचय दिन लगाएर,<br>• धूमपान र मद्यपानले पार्ने | |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | • लागुपदार्थको दुर्व्यसनले मानव स्वास्थ्य र विकासमा पार्ने नकारात्मक असरबारे छलफल र प्रश्नोत्तर गराउने,<br>• लागु पदार्थ ओसारपसारको परिचय, कारण तथा असरबारे छलफल र प्रश्नोत्तर गराउने, | | असरको सूची बनाउन लगाएर,<br>• लागु पदार्थको दुर्व्यसनले मानव सभ्यतामा पार्ने नकारात्मक असर भन्न लगाएर,<br>• लागु पदार्थ ओसार पसारको परिचय दिन लगाएर,<br>• लागु पदार्थ ओसारपसारबाट उत्पन्न हुने असर भन्न लगाएर, | |
| २ | हाम्रो सम्पदा | **सम्पदाको परिचय र प्रकार** :<br>• प्राकृतिक सम्पदा (जल,वन,खनिज,पहाड)<br>• मानव निर्मित भौतिक सम्पदा ( सडक,मन्दिर,गढी,भवन ,विद्यालय,अस्पताल) | • सम्पदाको अर्थ र प्रकार भन्न | • विभिन्न सम्पदाको चार्ट तथा स्लाइड प्रदर्शन गरी सम्पदाको परिचय दिने,<br>• कक्षामा विभिन्न सम्पदाको सूची बनाउन लगाई तिनीहरूबाट मानव निर्मित तथा प्राकृतिक सम्पदा छुट्याउन लगाउने,<br>• विभिन्न सम्पदाको पुरानो पत्रिका वा पुस्तकको कटपिस वा खिचेका तस्विर वा हातले बनाइएका चित्र वा इन्टरनेटबाट डाउन लोड गरिएका तस्विरहरू संकलन गरी फाइलिंङ गरेर ल्याउने परियोजना कार्य गर्न लगाउने, | | • सम्पदाको अर्थ सोधी कुनै एउटा सम्पदाको उदाहरण दिन लगाएर,<br>• मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाहरूको सूची बनाउन लगाएर,<br>• विभिन्न सम्पदा मध्येबाट छानेर मानव निर्मित र प्राकृतिक सम्पदाहरूको सुची बनाउन लगाएर, | २३ |
| | | **सम्पदाको महत्व** :<br>• प्राकृतिक सम्पदा ( जल, वन र खनिज) | • मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको आधारभूत महत्व बताउन, | • स्थानीय स्तरमा रहेको चित्र, पोस्टर, स्लाइड प्रदर्शन गर्ने<br>• विभिन्न सम्पदाको महत्वबारे | | • विभिन्न सम्पदाको महत्वको बारेमा प्रश्न सोधेर | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | • भौतिक सम्पदाको महत्व | | समूहमा छलफल र प्रस्तुति गर्न दिने,<br>• गोदावरी नगर सम्पदाको वस्तुस्थिति अवलोकन गराउने, | | • मानव निर्मित तथा प्राकृतिक सम्पदाको महत्व लेख्न लगाएर, | |
| | | **मानव सम्पदा**<br>• मानव सम्पदाको परिचय र समाजमा उनीहरुको भूमिका ( शिक्षक,चिकित्सक, वकिल,इन्जिनियर,<br>• गोदावरी नगरपालिका र हाम्रा प्रेरणादायी व्यक्तिहरु( स्थानीय समाजसेवी, कलाकार, खेलाडी, शिक्षाविद्) | • मानव सम्पदाको परिचय एवं महत्व बताई स्थानीय प्रेरणादायी व्यक्तित्वको पहिचान गर्न, | • समाज तथा राष्ट्रलाई योगदान दिन सक्ने विभिन्न क्षेत्रका मानिसको उदाहरण दिदै मानव सम्पदाको अर्थ एवं परिभाषा बताउन मद्दत गर्ने,<br>• विभिन्न मानव सम्पदाको अभिनय गराएर विभिन्न क्षेत्रका मानव सम्पदाको प्रकार र भूमिका बारे छलफल गराउने,<br>• स्थानीय विभिन्न क्षेत्रका प्रेरणादायी व्यक्तिको नाम, तस्विर तथा सङक्षिप्त जीवनी र उदाहरणीय कार्यहरु सङ्कलन गर्न तथा प्रस्तुत गर्न लगाउने, | | • मानव सम्पदाको उदाहरण र भूमिका भन्न लगाएर,<br>• स्थानीय प्रेरणादायी व्यक्तिको व्यक्तिको नाम र गरेको उदाहरणीय काम भन्न लगाएर,<br>• पात्र पहिचान खेल खेलाउँदै विभिन्न मानव सम्पदाको नाम भन्न लगाएर, | |
| | | **गोदावरी नगरपालिकाका शैक्षिक संस्था र प्रदान गर्ने सेवा :**<br>• विश्वविद्यालय, महाविद्यालय, विद्यालय,मदरसा,गुम्बा,पुस्तकालय, तालिम केन्द्र र प्रशिक्षण केन्द्र | • गोदावरी नगरपालिकाभित्रका शैक्षिक संस्था र तिनीहरुले दिने सेवाबारे संक्षिप्त बयान गर्न, | • विभिन्न तहको शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरुको बारेमा जानकारी सङ्कलन गरी छलफल गराउने<br>• शिक्षक र विद्यार्थीको सहकार्यमा विभिन्न शैक्षिक संस्था तथा पुस्तकालयबाट प्राप्त हुने शैक्षिक सेवाहरुको सूची बनाउने, | | • शैक्षिक सम्पदाको अर्थ र उदाहरण सोधेर,<br>• विश्वविद्यालय र विद्यालयले दिने शिक्षाको अन्तर भन्न लगाएर,<br>• पुस्तकालयको महत्व भन्न लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | • गोदावरी नगरपालिकाका क्याम्पस, विद्यालय, मदरसा, पुस्तकालयका बारेमा दिइएको पाठ्यवस्तु पढ्न लगाई प्रश्नोत्तर गर्ने,<br>• पुस्तकालयमा सरिक गराई विभिन्न पुस्तक पढ्न लगाउने, | | | |
| | | **गोदावरीका लोक संस्कृति :**<br>• स्थानीय लोकगीत (तीज, झ्याउरे, सोरठी, झुम्रा, सखिया, मङ्ग्रुहवा नाच, देउडा)<br>• लोकनृत्य<br>• जात्राको चिनारी : ग्वासीको जाँत, मष्टाबण्डालीको जाँत, गोदावरी मकरमेला | • गोदावरी नगरपालिकाभित्र मनाइने जात्रा, मेला, लोकनृत्यको परिचय र महत्व भन्न, | • इन्टरनेटबाट विभिन्न भाका र विधाका लोकगीतहरु खोजी गरेर सुन्न,हेर्न र अनुकरण गर्न लगाउने,<br>• स्थानीय लोकगीत गाउन र लोकनृत्य नाच्न जानेका व्यक्तिलाई आमन्त्रण गरी स्थानीय गीत तथा नृत्यहरु प्रदर्शन गराई विद्यार्थीहरुलाई अनुकरण गर्न लगाउने,<br>• लोकगीत र लोक नृत्यको सम्बन्धमा अतिथी प्रशिक्षकसित छलफल गराई तिनीहरुको जानकारी लिन लगाउने,<br>• विद्यार्थीहरुलाई आफ्नो स्थानीय स्तरमा मनाइने जात्रा देखेको वा सहभागी भएको अनुभव भन्न लगाउने,<br>• गोदावरी नगरपालिकाभित्र मनाइने/ लाग्ने दिन बारे छलफल गरी ती जात्राका | | • विद्यार्थीलाई विभिन्न किसिमका लोकगीतको रेकर्ड सुनाई सो गीतको प्रकार भन्न लगाएर,<br>• विद्यार्थीलाई लोकनृत्य नाच्न र अभिनय गर्न लगाएर,<br>• आफूलाई मन पर्ने कुनै एउटा लोकनृत्य र कुनै एउटा लोकनृत्य र कुनै एउटा लोकगीतको भिडियो बनाएर प्रदर्शन गर्न लगाएर,<br>• स्थानीय जात्राको परिचय भन्न लगाएर | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | विशेषता आफ्नो अनुभवको सहयोगबाट लेख्न लगाउने, | | | |
| ३ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | व्यवसाय | - स्थानीय क्षेत्रमा गर्दै आइरहेको खेतीको परिचय दिन<br>- स्थानीय क्षेत्रमा हुने आलु खेती, जडीबुटी प्रशोधन, धान, गहुँ, मकै, पुष्प उत्पादन कागती खेतीको परिचय दिन । | • स्थानीय क्षेत्रमा हुने खेतीपाती आलु खेती, जडीबुटी खेती र प्रशोधन, धान मकै, कोदो, पुष्प उत्पादन, कागतीका बारेमा जानकारी दिने ।<br>• विद्यालय नजिकै भएको उल्लेखित खेती स्थानमा अवलोकन भ्रमण गराई त्यहाँको कुनै एक कृषि उत्पादनको महत्व र त्यसले स्थानीय क्षेत्रमा पारेको प्रभाव वारे कृषि व्यवसायी सँग छलफल गर्ने, बुँदागत रुपमा टिपोट गर्न लगाउने र निष्कर्ष दिने । | • स्थानीय क्षेत्रमा हुने गरेका खेतीपाती बालीहरुको चित्र सहितको सुची चार्ट ।<br>• कृषि प्रणाली सम्बन्धी श्रव्य दृश्य सामग्री पुस्तक, ब्रोसर आदि । | • आफु बसोवास गर्ने तथा वरिपरि गर्दै आएका विभिन्न कृषि बालीहरुको सुची बनाई प्रश्न गर्न लगाउने ।<br>• स्थानीय प्रविधिमा आधारित सामग्रीहरुको नमूना बनाई कक्षामा प्रदर्शन गर्न लगाउने । | १८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | पर्यटन | • आफ्नो गाउँ वरिपरि भएका पर्यटकीय स्थानहरुको नाम भन्न । | • विद्यार्थीहरुलाई पर्यटनबारे धारणा स्पष्ट पारिदिने ।<br>• आफ्नो गाउँ वरिपरि भएका पर्यटकीय स्थलको चित्र र भिडियो देखाउने ।<br>• अन्य पर्यटकीय स्थलहरु विद्यार्थीहरु बाट थप्न लगाउने<br>• ती पर्यटकीय स्थलहरुको अवस्थिति भन्न लगाउने । | • चित्र<br>• भिडियो | तपाईको गाउँघरमा भएका कुनै ३ वटा पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस् । | |
| | | व्यापार | • घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरिकासँग परिचित हुन । | • विद्यार्थीहरुलाई बजारीकरणको अर्थ स्पष्ट पारिदिने ।<br>• आफ्नो घर तथा समुदायमा उत्पादन हुने वस्तुहरुको सूची बनाउन लगाउने ।<br>• विक्री गर्ने उद्देश्यले उत्पादन गरिएका वस्तुलाई भण्डारण र विक्री वितरण गर्ने तरिकाबारे छलफल गर्न लगाउने । | | • तपाईको घर तथा सुमदायमा उत्पादन भएका र बिक्री वितरण गरिने वस्तुहरुको सूची बनाउनुहोस् । | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | उद्योग | • आफ्नो गाउँघरमा भएका घरेलु तथा ठूला उद्योगहरुको सूची बनाउन । | • विद्यार्थीहरुलाई उद्योग अवधारणा बताउने ।<br>• विद्यार्थीहरुले देखेका वा सुनेको उद्योगहरुको नाम टिप्न लगाउने ।<br>• ती उद्योगहरु बाट उत्पादन हुने बस्तुहरुबारे भन्न लगाउने । | | • तपाईको गाउँघर तिर भएका कुनै २ वटा उद्योगहरुको नाम लेख्नुहोस् । | |
| ४ | सरसफाइ र फोहोर व्यवस्थापन | व्यक्तिगत सरसफाइ | दैनिक व्यक्तिगत सरसफाइ गर्न | - विद्यार्थीहरुका विभिन्न समूह बनाई दैनिक व्यक्तिगत सरसफाइ : हातमुख धुने, दाँत माझ्ने, उपयुक्त तरिकाको कपाल बनाउने, नुहाउने, आफ्ना नङ काट्ने, आफ्नो कपडा, झोला, चप्पल आदि सफा सुग्घर बनाएर लगाउने ।<br>- कक्षामा सरसफाईयुक्त विद्यार्थीहरुलाई अगाडी बोलाइ अरुलाई पनि त्यस्तै बन्न प्रेरित गर्ने । | | - आफ्नो सरसफाइ कसरी गर्नुपर्छ ? | १८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | वातावरणीय सरसफाइ | आफू बस्ने कोठाको सरसफाइ गर्दा हुने फाइदाहरु उल्लेख गर्न । | - विद्यार्थीहरुलाई आफू बसेको कक्षाकोठा अवलोकन गर्न लगाउने।<br>- कक्षाकोठा सफा वा फोहोर के छ भन्न लगाउने ।<br>- विद्यार्थीहरुलाई सफा वा फोहोर मध्ये कस्तो कक्षाकोठा मनपर्छ भनी सोध्ने । | | - तपाई बस्ने कक्षाकोठा सफा छ की फोहोर ?<br>- कक्षाकोठा सफा भएमा के के फाइदा होला ? | |
| | | फोहोर व्यवस्थापन | घर तथा वातावरणमा हुने विभिन्न किसिमका फोहोरको नाम उल्लेख गर्न । | - लाइनबद्ध भएर विद्यार्थीहरुलाई आफ्नो कक्षाकोठा हुँदै विद्यालय परिसरमा घुमाएर ल्याउने, घुम्दाखेरी उनीहरुले देखेका फोहोरहरुको सूची बनाउन लगाउने ।<br>- उक्त सुचीमा आफुले देखेका अन्य फोहोरहरु थप्न लगाउने ।<br>- ती फोहोरहरु हाम्रो स्वास्थ्यको लागि हानिकारक हुने कुरा विद्यार्थीहरुलाई बताउने । | | - तपाइको घर तथा वातावरणमा कस्ता कस्ता फोहोरहरु देख्नु भएको छ ? सूची बनाउनुहोस् । | |
| ५. | सामाजिक समस्या | आफ्नो समुदाय भित्रका सामाजिक समस्याहरुको नाम | क) आफू बसोबास गरेको गाउँ टोल वा वडा भित्र रहेका सामाजिक समस्याहरुको पहिचान गर्न । | १.शिक्षकले विद्यार्थीलाई आफू बसोबास गर्ने ठाउँको परिचय दिन लगाउने ।<br>२. विद्यार्थीहरुले आफू र | सान्दर्भिक चित्रहरु | १. विद्यार्थीका क्रियाकलापको निरीक्षण गरेर<br>२. व्यक्तिगत वा सामूहिक | १८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | सामाजिक समस्याहरु वालविवाह, वालश्रम, मानव बेचविखन तथा ओसारपोसार घरेलु हिंसा दुर्व्यसन, विद्युतीय अपराध अन्धविश्वास, छुवाछुत | ख) समाज भित्र रहेका अन्धविश्वासको बारेमा बताउन । ग) गोदावरी नगरपालिका भित्र रहेका सामाजिक समस्याहरु मध्ये बालविवाह र वालश्रमको बारेमा जानकारी लिन घ) बालविवाह र वालश्रमले समाजमा पारेको असरको बारेमा परिचित हुन | आफ्नो ठाउँको परिचय दिँदा समस्या बोध गरेमा तलका प्रश्नहरु सोध्ने । क. तपाईंको नाम के हो ? ख. तपाईं कुन टोलमा बस्नुहुन्छ ? ग. तपाईं बसोबास गर्ने टोलमा कुनै किसिमका समस्याहरु छन कि ? घ. तपाईंहरुले कुनै अप्ठ्यारो वा जोखिमको क्षेत्रमा काम गर्नुपर्छ कि ? ङ. विभिन्न सामाजिक समस्याहरु झल्किने किसिमका शिक्षण सामग्रीहरु जस्तै मानव बेचबिखन घरेलु हिंसा, बालबालिकाहरुले जोखिमयुक्त क्षेत्रमा काम गरिरहेका चित्रहरु प्रदर्शन गरी कक्षामा छलफल गराउने । | | छलफलका आधारमा मापन गरेर हाजिर जवाफ संचालन गरेर कक्षा कार्य तथा परियोजना कार्य परीक्षण गरेर | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | शिक्षकले विद्यार्थीहरुलाई उनीहरुको समुदायमा कुनै घरमा बालविवाह ह वा वालश्रममा संलग्न छन् कि भनी प्रश्न सोध्ने<br><br>विद्यार्थीहरुले वालविवाह र वालश्रमको अर्थको बारेमा स्पष्ट हुन नसकेमा शिक्षकले उनीहरुलाई बालविवाह र वालश्रमको कानुनी परिभाषा बताउने<br><br>बालविवाह गरेका र वालश्रममा संलग्न रहेका व्यक्तिहरुको सामाजिक आर्थिक र मनोवैज्ञानिक असरहरुको बारेमा अन्तरक्रियात्मक तरिकाले छलफल गराउने । | सान्दर्भिक चित्रहरु | १. विद्यार्थीका क्रियाकलापहरुको अवलोकन गरेर<br>२. निम्न प्रश्नहरु सोधेर<br>क) बालविवाह भन्नाले के बुझ्नु हुन्छ ?<br>ख) वालश्रम भन्नाले के बुझ्नुहुन्छ ?<br>ग) तपाईको समुदायमा रहेका बालविवाह गरेका वा वालश्रममा संलग्न व्यक्तिहरुको सूचि बनाउनुहोस् । | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ६. | हाम्रो सुरक्षा | सडक सुरक्षा | सडकमा सुरक्षित रुपमा बाटो काट्ने तरिका बताउन । | - आफ्नो क्षेत्रमा पर्ने गोदावरी नगरपालिका अन्तर्गतका सडकबारे जानकारी गराउने ।<br>- सडकको दायाँ, बायाँ भागबारे बताउने ।<br>- सडकमा राम्रोसँग हेरी सवारी साधन नआइरहेको समयमा मात्र बाटो काट्ने, आफूभन्दा ठूलासँगै बाटो काट्ने कुरा बताउने ।<br>- सडकमा गुडिरहेको सवारी साधन टाढा देखिए पनि तुरुन्तै पुग्ने भएकाले बाटो नकाट्ने<br>जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने कुराको जानकारी दिने ।<br>- सुरक्षित रुपमा बाटो काट्ने सम्बन्धी पोस्टर बनाई प्रर्दशन गर्ने । | पोस्टर | - हामीले सडकमा बाटो काट्दा ध्यान दिनुपर्ने कुराहरु केके हुन्? | १४ |

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | घरायसी सुरक्षा | खेल्दा वा घरायसी काम गर्दा लाग्न सक्ने चोटपटकबारे बताउन । | - विद्यार्थीहरुलाई घरमा काम गर्दा वा खेल्दा कुनै बेला चोटपटक लागे नलागेको कुरा पालैपालो सोध्ने ।<br>- चोटपटक के कारणले लागेको हो भनी सोध्ने ।<br>- चोटपटकबाट परेको असर भन्न लगाउने ।<br>- चोटपटक लाग्नै नदिन अपनाउनुपर्ने सावधानी र चोटपटक लागेपछि गर्नुपर्ने उपचारका बारेमा छलफल गर्न लगाउने । | | - तपाईहरुलाई अहिलेसम्म लागेका चोटपटक के के हुन् ? | |
| | | विद्युतीय सुरक्षा | घर तथा विद्यालयमा प्रयोग हुने विद्युतीय सामाग्रीहरु उल्लेख गर्न र ती सामाग्रीहरु चलाउँदा अपनाउनुपर्ने सावधानी बारे बताउन । | - विद्यार्थीहरुलाई आफ्नो घर तथा कक्षाकोठामा भएका विद्युतीय सामाग्रीहरुको सूची बनाउन लगाउने<br>- घर तथा विद्यालयमा प्रयोग हुने विद्युतीय सामाग्रीहरुको सूची बनाउन लगाउने ।<br>-ती विद्युतीय सामाग्रीहरु चलाउँदा अपनाउनुपर्ने सावधानीबारे छलफल गराउने । | | -घरमा भएका विजुलीबाट चल्ने सामाग्री चार्टपेपरहरुको सूची बनाउन लगाउने ।<br>- विद्युतीय सामाग्री चलाउँदा के के कुरामा ध्यान दिनुपर्छ ? | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | शारीरिक सुरक्षा | - आफ्नो शरीर र अरुको शरीर, गोपनीय अंगहरुको बारेमा बताउन ।<br>- राम्रो स्पर्श र खराब स्पर्श बीचको भिन्नता छुट्याउन । | • मानव शरीरका सम्पूर्ण अंगहरु सहितको चित्र तथा पोष्टर प्रदर्शनी गर्ने ।<br>• वर्णन गर्दा उमेर उपयुक्त भाषाको प्रयोग गर्ने ।<br>• राम्रो स्पर्श र खराब स्पर्श बारे विद्यार्थीहरुको पूर्वज्ञान सम्बन्धी सामान्य प्रश्नोत्तर गर्ने ।<br>• राम्रो स्पर्श र खराब स्पर्श बारे कक्षामा शिक्षकले प्रष्ट पारिदिने ।<br>• विद्यार्थीले खराब स्पर्श अनुभव गरेमा मद्दतको लागि विश्वसनीय अभिभावकहरुसँग सम्पर्क गर्ने बारे सिकाउने । | • पोष्टर र चित्र | • खराब स्पर्श भनेको के हो ?<br>• कसैले जानी जानी खराब स्पर्श गरेमा हामीले के गर्नुपर्छ ? | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ७ | खुशीको संसार | • स्थानीय स्तरमा खेलिने खेलको परिचय, म्यूजिकल चियर्स, बागचाल, घैंटो फुटाई, डण्डीवियो आदि ।<br>• योग ध्यानको प्रारम्भिक परिचय | • स्थानीय स्तरमा खेलिने खेलको परिचय दिन ।<br>• योगध्यानको परिचय दिन । | • स्थानीय क्षेत्रमा खेलिने परम्परागत तथा प्रचलित खेलहरुको सूची तयार पारी तिनीहरुको परिचय सहित प्रस्तुत गर्ने ।<br>• म्यूजिकल चियर्स, डण्डी वियो, बागचाल, घैंटो फुटाई, आदि जस्ता प्रचलित खेल विद्यार्थीहरुलाई आवश्यक नियम बताई चौरमा खेल्न लगाउने ।<br>• योग ध्यान भनेको के हो ? परिचय वा परिभाषा दिने यस सम्बन्धी को कुनै भिडियो प्रस्तुत गर्ने ।<br>• सुक्ष्म व्यायाम र हात खुट्टाका औंला चलाउने आदिको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरुलाई अभ्यास गराउने । | | • स्थानीय स्तरमा खेलिने खेलको सूची बनाउनुहोस् ।<br>• कुनै खेललाई प्रतियोगिताको रुपमा खेलाउने ।<br>• योग भनेको के हो ? | १४ |

## कक्षा ५

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| १. | हाम्रो गोदावरी | भौगोलिक अवस्था :<br>● गोदावरी नगरको अवस्थिति,उचाई, क्षेत्रफल, र हावापानी<br>● सुदूरपश्चिम प्रदेशमा गोदावरी नगरपालिका को पहिचान र नक्सा कोर्ने अभ्यास। | ● नेपालको नक्सामा गोदावरी नगरपालिकाको अवस्थिति बारे वर्णन गर्न,<br>● यसको उचाइ र क्षेत्रफलका बारे भन्न,<br>● सुदूरपश्चिम प्रदेश र गोदावरी नगरपालिकाको नक्सा कोर्न, | ● सुदुरपश्चिम प्रदेश र गोदावरी नगरपालिकाको छुट्टाछुट्टै नक्सा देखाउँदै सुदुरपश्चिम प्रदेशमा गोदावरी पहिचान गर्न लगाउने ।<br>● समुद्र सतहबाट गोदावरी नगरपालिका अवस्थित उचाइ र क्षेत्रफल वर्णन गरिदिने ।<br>● गोदावरी नगरपालिकाको हावापानी कस्तो छ भनी छलफल गराई निष्कर्षमा समशीतोष्ण हावापानी भएको जानकारी दिने ।<br>● गोदावरी को नक्सा देखाउँदै नक्सा कोर्न अभ्यास गराउने । | पोष्टर, चित्र, नक्सा | ● सुदूरपश्चिम प्रदेशको नक्सामा गोदावरी नगरपालिका सङ्केत गर्न लगाउने<br>● गोदावरी नगरपालिकाको उचाई र क्षेत्रफल भन्न लगाएर ।<br>● गोदावरी नगरपालिकाको हावापानी वर्णन गर्न लगाएर ।<br>● गोदावरी नगरपालिका को नक्सा कोर्न लगाएर, | २३ |
| | | स्थानीय सरकार<br>● नगर सभाको गठन प्रक्रिया,<br>● नगर सभा स्थानीय सरकारको भूमिका, | ● नगरपालिकाको गठन प्रक्रिया बारे भन्न,<br>● नगरपालिकाको कार्यहरु भन्न,<br>● स्थानीय सरकारको भूमिका बारे भन्न, | ● नगरसभाको संवैधानिक गठन प्रक्रियालाई चार्टमा उतारी कक्षामा छलफल र सहजीकरण गर्ने।<br>● विद्यार्थीलाई सहभागी गराई अभिनय विधिबाट नगरसभाको निर्वाचन | | ● नगरसभाको गठन प्रक्रिया भन्न लगाएर ,<br>● नगरपालिकाले कुन कुन कार्य गर्छ भनी सूची बनाउन लगाएर । | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | • स्थानीय सरकारको महत्व | • स्थानीय सरकारको महत्व भन्न,<br>• गोदावरी नगरपालिकाभित्रका सडक सञ्जाल बारे भन्न, | गराई त्यसैगरी जनताबाट निर्वाचित भएका व्यक्तिहरु नै नगरसभाकामा सदस्य हुन भनी बताई दिने,<br>• नगरभित्रका विकासमा नगरप्रमुख , उप प्रमुख लगायत अन्य सदस्यहरुले नै विकासका लागि नीति तथा कार्यक्रम र विकास निर्माण , सामाजिक सेवा उपलब्ध गराउँछन् भनी जानकारी दिने,<br>• नगरसभा र स्थानीय सरकार नगर विकासमा लागि पुर्ण जिम्मेवार रहेको भन्ने । | | | |
| | | विकासका पूर्वाधार<br>• विकासका पुर्वधारको वर्तमान अवस्था<br>• यातायात विद्युत, र सञ्चारको वर्तमान अवस्था | • गोदावरी नगरपालिका भित्रको यातायात व्यवस्थालाई बताउन,<br>• नगरपालिकाभित्र विद्युत प्रसारण बारे बताउन,<br>• नगरपालिका भित्रको शिक्षा, स्वाथ्य, | • विकासका विभिन्न पुर्वाधारको सुचि देखाई पालै पालो भन्न लगाउने,<br>• कक्षामा छलफल गराउदै आफु बसेको वडा र नगरपालिकामा राजमार्ग, सडक तथा यातायात साधनको के कस्तो अवस्थामा चल्छन् भनी लेख्न लगाउने र बुँदागत | | • गोदावरी नगरपीलका सित जोडिएका महत्वपूर्ण राजमार्ग कुन कुन हुन भनी सोधेर<br>• आफू बसेको वडा र समग्र गोदावरी नगरमा विद्युत वितरणको अवस्था भन्न लगाएर ।<br>• सञ्चारको सेवा के कस्तो छ भनी भन्न | |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | खानेपानी, वनजंगलको बारेमा बताउन,<br>● नगरपालिकाभित्रका मुख्य मुख्य नदीका नाम बताउन | रुपमा प्रस्तुत गर्न लगाउने,<br>● आफू बसेको टोल, समुदाय वा वडामा विद्युतका पहुँच भए नभएको छलफल प्रश्नोत्तर विधिबाट निष्कर्ष निकाली कक्षामा प्रस्तुत गर्न लगाउने,<br>● नेपाल टेलिकम , विद्युत जस्ता कार्यालयको क्षेत्र भ्रमण गराई अवलोकन गराउने, | | लगाएर ।<br>● आफू बसेको वडामा प्रयोग हुने सञ्चारका साधनको सूची भन्न लगाएर। | |
| | | स्थानीय विकासका चुनौती<br>● चुनौतीका कारण , अवसर र न्यूनीकरणका उपाय<br>● लागू पदार्थ दुर्व्यसन<br>● महिला हिंसा<br>● आत्महत्या | ● छुवाछुत र जातीय भेदभावका बारेमा वर्णन गर्न,<br>● महिला हिंसाका कारण उल्लेख गर्न,<br>● महिला हिंसाबाट हुने असर र यसको न्यूनीकरणका उपायहरु सूचीबद्ध गर्न,<br>● समाजमा आत्महत्या बढ्नुका कारण खोजी गरी प्रस्तुत गर्न,<br>● आत्महत्याले समाज र परिवारमा पार्ने असर | ● नगरपालिकाको विकाससमाको कस्ता चुनौती छन् भनी कक्षामा समूहगत छलफल गराउने र पालैपालो भन्न लगाउने , अन्तिम मा केही थप गर्नु पर्ने भए पृष्ठपोषण सहित निष्कर्ष प्रस्तुत गर्ने।<br>● भौगोलिक जटिलता, आर्थिक अवस्थाका साथै सामाजिक समस्या विकासका लागि चुनौती भएको जानकारी दिने।<br>● लागूपदार्थ दुर्व्यसनका | | ● नगरपालिकाको विकासमा देखिएका चुनौती भन्न लगाउने<br>● चुनौतीका कारण भन्न लगाएर<br>● चुनौतीका कारण , समस्या र न्यूनीकरण का उपाय भन्न लगाएर । | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | उल्लेख गर्दै न्यूनीकरणका उपाय प्रस्तुत गर्न, | कारण के-के हुन् भनी छलफल गराउने र बुदाँगत रुपमा प्रस्तुत गर्न लगाउने,<br>● लागू पदार्थ दुर्व्यसनले व्यक्ति , परिवार तथा समाजमा पार्ने असर यसको न्यूनीकरणका उपायबारे छलफल प्रश्नोत्तर गरी प्रस्तुत गर्न लगाउने,<br>● महिला हिंसाका कारण, समस्या तथा समाधानका उपायको समूहगत रुपमा प्रस्तुत गर्न लगाउने<br>● आत्माहत्या के कारणले हुन सक्छ भनी छलफल गराउने र वुदाँगत रुपमा प्रस्तुत गर्न लगाउने।<br>● आत्माहत्याबाट परिवार , समाजमा पार्ने नकारात्मक असरका बारेमा समूहगत रुपमा छलफल गर्न लगाउने र निष्कर्ष प्रस्तुत गर्न लगाउने, | | | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| २ | हाम्रो सम्पदा | **मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको विशेषता र महत्त्व :**<br>● मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको विशेषता र महत्व<br>● मानव निर्मित सम्पदाको महत्व र विशेषता<br>● प्राकृतिक सम्पदाको विशेषता | ● मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको महत्व र विशेषता बताउन, | ● मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको चार्ट तथा स्लाइड प्रदर्शन गर्दै परिचय दिने,<br>● मानव निर्मित तथा प्राकृतिक सम्पदाको महत्व र विशेषताबारे समूह कार्य गराउने र प्रस्तुति तथा छलफल गर्न लगाउने,<br>● गोदावरी नगरका विभिन्न क्षेत्रमा रहेका मानव निर्मित सम्पदाको बारेमा छलफल गरी तिनीहरुको सूची बनाउन लगाउने, | ● | ● मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको परिचय र उदाहरण लेखी भन्न वा त्यसका तस्विर संकलन गर्न लगाएर,<br>● मानव निर्मित तथा प्राकृतिक सम्पदाको महत्व र विशेषता भन्न वा अडियो रेकर्ड पठाउन लगाएर,<br>● स्थानीय स्तरका मानव निर्मित सम्पदाको सूची बनाउन लगाएर, | २३ |
| | | **गोदावरी नगरपालिकाभित्रका सम्पदाको संरक्षण हाम्रो भूमिका**<br>● मानव निर्मित सम्पदाको संरक्षण र भूमिका<br>● प्राकृतिक सम्पदाको संरक्षण र भूमिका, | ● मानव निर्मित सम्पदा र प्राकृतिक सम्पदाको संरक्षणका उपाय उल्लेख गर्न, | ● स्थानीय मानव निर्मित सम्पदा तथा प्राकृतिक सम्पदाको चित्र, पोस्टर, स्लाइड प्रदर्शन गर्ने,<br>● हाम्रा सम्पदाको संक्षणका लागि विभिन्न निकायहरुको भूमिकाको बारेमा छलफल गरी व्यक्ति,समाज,संघसंस्थाहरु तथा सरकारले गर्नुपर्ने कार्यहरुको सूची बनाउन लगाउने,<br>● हाम्रा प्राकृतिक सम्पदाको संरक्षण शीर्षकमा चित्र बनाउन लगाउने, | | ● मानव निर्मित सम्पदा तथा प्राकृतिक सम्पदाको सूची बनाउन लगाएर,<br>● मानव सम्पदा तथा प्राकृतिक सम्पदाको संरक्षणमा विद्यार्थी, समुदाय तथा स्थानीय निकायको भूमिका लेख्न लगाएर, | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | **गोदावरी नगरपालिकाका भौतिक सम्पदाको परिचय**<br>● औद्योगिक क्षेत्र, रङगशाला, सङग्रहालय, मुख्य सडक सञ्जाल, विमान स्थल, रेडियो, पुलपुलेसा | ● गोदावरी नगरपालिकाभित्रका भौतिक सम्पदाको उदाहरणसहित परिचय दिन, | ● स्थानीय उद्योग रङशाला, सङ्ग्रहालय, विमानस्थल लगायतका तस्विर सङ्कलन गरी सङ्ग्रह बनाउन लगाउने,<br>● ती क्षेत्रको भ्रमण गरी तिनीहरुको आर्थिक एवम् सांस्कृतिक महत्वका बारेमा सोधपुछ गरी परियोजना कार्य गराउने,<br>● मुख्य मुख्य सडकको परिचय (नाम, लम्बाइ,जोड्ने स्थानहरु) तथा महत्वका विषयमा प्रत्यक्ष पठन गरी छलफल गर्न लगाउने, | ● | ● स्थानीय उद्योग रङगशाला, सङ्ग्रहालय, विमानस्थल लगायतका क्षेत्रको चित्र पहिचान गर्न लगाएर,<br>● मानव जीवनमा यिनीहरुको आवश्यकता र महत्व सोधेर,<br>● मुख्य मुख्य सडककन नाम भन्न लगाएर,<br>● सडकको महत्व भन्न लगाएर, | |
| | | **गोदावरी नगरपालिकाका स्थानीय प्रेरणादायी व्यक्तित्वको परिचय तथा योगदानः** | ● स्थानीय मानव सम्पदाको नाम भन्न र स्थानीय प्रेरणादायी व्यक्तित्व तथा उनीहरुको योगदान बारे बताउन, | ● विभिन्न मानव सम्पदाको योगदानको वर्णन गर्ने,<br>● स्थानीयसित अन्तक्रिया गरी प्रेरणादायी व्यक्तित्वको उदाहरणीय योगदान बारे सूचना संकलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>● स्थानीय ख्याति प्राप्त व्यक्तित्वहरुको तस्विर तथा भिडियो प्रदर्शन गर्ने, | ● | ● स्थानीय प्रेरणादायी व्यक्तित्वको संक्षिप्त चिनारी भन्न लगाएर,<br>● प्रेरणादायी व्यक्तित्वको योगदान भन्न लगाएर,<br>● स्थानीय व्यक्ति प्रेरणादायी व्यक्ति बन्नुको कारण सोधेर, | |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | • पाठ्यवस्तुको जीवनीको बुँदागत टिपोट गर्न लगाउने,<br>• पाठ्यवस्तु पढ्नलाई बोध प्रश्नोत्तर गर्न लगाउने, | | | |
| | | **गोदावरी नगरपालिकाका स्वास्थ्य संस्थाको परिचय र उपलब्ध सेवाहरुः** | • गोदावरी नगरपालिकाभित्रका निजी स्वास्थ्य संस्था र सरकारी स्वास्थ्य संस्थामा उपलब्ध हुने स्वास्थ्य सेवा बारे बताउन र आफू उक्त संस्थामा गई सेवा लिन, | • गोदावरी नगरका प्रमुख सरकारी स्वास्थ्य संस्थाहरुको सूची संकलन गर्न लगाउने,<br>• ती स्वास्थ्य संस्थाहरुको स्थलगत अवलोकन गराई पाइने सेवा, सुविधाबारे जाानकारी लिन सहयोग गर्ने र प्राप्त सूचना बारे छलफल गराउने,<br>• अस्पतालमा दिइने सेवा लिने तरिका सुनाउने | | • गोदावरी नगरपालिकाका प्रमुख स्वास्थ्य संस्थाको नाम र तिनीहरुले दिने सेवा सुविधा बारे भन्न लगाएर,<br>• अस्पतालमा दिइने सेवा लिने तरिका वर्णन गर्न लगाएर, | |
| | | **गोदावरी नगरपालिकाका लोककला, संस्कृति :**<br>• स्थानीय लोकगीत, लोकनृत्य, लोकजात्रा, लोककथा, आहान र गाउँखाने कथाको परिचय, अभ्यास र महत्व :( झ्याउरे, | • केही लोक गीत गाउन, लोकनृत्य नाच्न, गांउखाने कथा भन्न, आहान र लोक कथा संकलन गरी साथीभाइलाई सुनाउन, | • इन्टरनेटबाट विभिन्न भाका र विधाका लोकगीत र लोकनृत्य खोजी गरेर सुन्न, हेर्न र अनुकरण गर्न लगाउने,<br>• समाजमा भएका अनुभवी व्यक्तिहरुसित विभिनन लोकगीत, लोकनृत्यबारे जानकारी संकलन गरी छलफल गर्ने, | | • विद्यार्थीलाई कुनै लोकगीत गाउन लगाएर,<br>• विद्यार्थीहरुलाई कुनै लोक नृत्य नाच्न लगाएर,<br>• लोकगीतमा गरिएको नृत्यको भिडियो देखाइ त्यसको प्रकार र विशेषता सोधेर, | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | देउडा, झुम्रा, सखिया, मङ्ग्रहुवा नाच, ठाडीभाका............ | | • स्थानीय कला सिप जानेकाहरुलाई कक्षा कोठामा आमन्त्रण गरी सिकाउन लगाउने,<br>• अतिरिक्त अभ्यास तथा प्रतियोगिता गराउने र आफूलाई मन पर्ने लोकगीतमा नृत्य गरी भिडियो बनाउन लगाउने,<br>• प्रचलित गाउँखाने कथा, लोककथा र आहानहरु खोजी गरी कक्षाकोठामा सुनाउन लगाउने,<br>• विद्यार्थीलाई आफ्नो नगर क्षेत्रभित्र लाग्ने जात्राको नाम, लाग्ने समयको अनुभव भन्न लगाउने,<br>• ती जात्राहरुको विशेषता छलफल गराउने,<br>• स्थानीय जात्रामध्ये कुनै एउटा जात्रा अवलोकन गरी उक्त जात्राका सहभागीहरुसँग प्रत्यक्ष कुराकानी गरेर सो जात्राको विशेषताबारे जानकारी लिन लगाउने, | | • स्थानीय जात्राको परिचय दिन लगाएर,<br>• जात्राको विशेषता भन्न लगाएर,<br>• विद्यालयमा जात्रा पर्वको विशेष अवसरमा कार्यक्रमको आयोजना गरेर नाच्न र गाउन लगाएर,<br>• स्थानीय गाँउघरमा रहेका गाँउखाने कथा र लोककथा, आहान भन्न लगाएर, | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ३. | **स्थानीय पेशा व्यवसाय र प्रविधि** | • स्थानीय पर्यटकीय स्थलहरु | • आफ्नो नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको सूची बनाउन | • विद्यार्थीहरुलाई शब्दको अर्थ स्पष्ट पार्ने ।<br>• आफ्नो नगरपालिका क्षेत्र भित्र भएको पर्यटकीय स्थल समावेश भएका चित्र तथा भिडियो प्रदर्शन गर्ने<br>• आफुले देखेका वा सुनेका नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने । | • चित्र<br>• भिडियो | गोदावरी नगरपालिका क्षेत्रभित्र रहेका कुनै ५ वटा पर्यटकीय स्थलहरुको सूची बनाउनुहोस् । | १८ |
| | | • स्थानीय वस्तुको बजारीकरण | • घर तथा समुदायमा उत्पादन हुने बस्तुको बजारीकरण हुने तरिका बताउन | • बजारीकरण शब्दको अर्थ स्पष्ट पार्ने । (बजारीकरण: वस्तुको उत्पादन, भण्डारण र खरिद विक्री गर्ने कार्य)<br>• आफ्नो घर र समुदायमा उत्पादन हुने खरीद विक्री हुने विभिन्न वस्तुहरुको सूची बनाउन लगाउने ।<br>• ती बस्तुहरु खरिद विक्री हुने तरिका बारे छलफल गर्न लगाउने । | | • तपाई वा तपाईको छिमेकीले कुनै वस्तु बेच्नु भएको छ ? छ भने कतिमा बेच्नु भयो ? नाफ घाटा के भयो? वर्णन गर्नुहोस् । | |
| | | • स्थानीय उद्योग | • आफ्नो नगरपालिका क्षेत्र भित्र भएका घरेलु तथा ठूला उद्योगहरुको | • उद्योगको अर्थ स्पष्ट पार्ने ।<br>• विद्यार्थीहरुलाई | | • तपाई वा तपाईको छिमेकीले कुनै वस्तु बेच्नु भएको छ ? छ | |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | सूची बनाउन | पालैपालो बोलाइ कालोपाटी सेतोपाटीमा आफ्नो नगरपालिका भित्र रहेका आफूले देखेका उद्योगहरुको नाम लेख्न लगाउने<br>● छुटेका नाम शिक्षकले थप गरिदिने ।<br>● ति उद्योगहरुबाट उत्पादन हुने वस्तुबारे छलफल गराउने । | | भने कतिमा बेच्नु भयो ? नाफा घाटा के भयो ? वर्णन गर्नुहोस् ।<br>● गोदावरी नगरपालिका भित्र रहेका कुनै ५ वटा उद्योगहरुको नाम लेख्नुहोस् । | |
| | | ● स्थानीय सामग्रीहरु | ● वेत र बाँसका सामग्री बनाउने तरिका बारे बताउन | ● वेत र बाँस (डोको), डालो, नाङ्लो, चाल्नीका सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री घुम बनाएको ठाउँमा लगेर अवलोकन गर्न लगाउने र सम्बन्धित व्यक्तिसँग उक्त सामग्रीहरु बनाउने तरिकाबारे छलफल गर्न लगाउने ।<br>● उल्लेखित सामग्रीहरुमध्ये कुनै पाँच वटाको नमूना तयार पार्न लगाई त्यसको प्रयोगबारे छलफल गराउने । | ● स्थानीय क्षेत्रमा उपलब्ध बाँस, बेत, पराल, छ्वाली लगायत<br>● स्थानीय प्रविधिमा आधारित सामग्रीहरु बनाउने सम्बन्धी बृत्तचित्र, पोस्टर | ● स्थानीय क्षेत्रमा बेत र बाँस डोका, डालो प्रयोगबारे बुँदागत रुपमा लेख्न लगाउने ।<br>● स्थानीय प्रविधिमा आधारित कुनै दुई वटा सामग्रीहरुको नमूना बनाई कक्षामा प्रदर्शन गर्न लगाउने ।<br>● विद्यार्थीहरुको प्रस्तुतीको अवलोकन मूल्याङ्कन गर्ने । | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ४. | सरसफाइ र फोहोर व्यवस्थापन | व्यक्तिगत सरसफाइ | दैनिक व्यक्तिगत सरसफाई गर्दा हुने फाइदा सरसफाई नगर्दा हुने बेफाइदा उल्लेख गर्दै दैनिक व्यक्तिगत सरसफाई गर्न । | • विद्यार्थीहरुलाई एउटा सफा चिटिक्क र अर्को फोहोर मानिसको पोस्टर देखाउने ।<br>• ती पोस्टरहरु बोर्डको माथि टाँसी सफा मानिसको मुनि दैनिक सरसफाई गर्नुका फाइदा र फोहोर मानिसको मुनि सरसफाई नगर्नुका बेफाइदाहरुको सूची बनाउन लगाउने ।<br>• - दैनिक सरसफाइअति आवश्यक रहेको निष्कर्ष निकाल्दै विद्यार्थीहरुलाई दैनिक सरसफाइको क्रियाकलाप गर्न उत्प्रेरित गर्ने । | - पोस्टर | दैनिक सरसफाई गर्नाका फाइदाहरु के के हुन्छ ? सरसफाई नगरेमा के के बेफाइदा हुन्छ ? | १८ |
| | | वातावरणीय सरसफाइ | साथीहरुसँग मिलेर आफ्नो कक्षाकोठा सरसफाइ गर्न । | - शिक्षकले आफ्नो मोबाइल वा ल्यापटपमा स-साना विद्यार्थीहरुले आफ्नो कक्षाकोठा सफा गरिरहेको भिडियो अनलाइनबाट देखाउने ।<br>- त्यसैगरी विद्यार्थीहरुलाई पनि कोठा सफा गर्न लगाउने ।<br>- शिक्षक पनि कोठाको सरसफाइमा सरिक हुने । | भिडियो, कुच्चो, डस्टबिन | - आफ्नो कक्षाकोठा कसरी सफा राख्नुहुन्छ ? भन्नुहोस् । | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| ५. | हाम्रा सामाजिक समस्या | आफ्नो समूदाय भित्र रहेको बालविवाह र वालश्रमको अवस्था<br><br>बालविवाह र वालश्रमले समाजमा सिर्जना गरेको सामाजिक अवस्था । | क) गोदावरी नगरपालिका भित्र रहेका सामाजिक समस्याहरु मध्य बालविवाह र वालश्रमको वारेमा जानकारी लिन<br>ख. बालविवाह र वालश्रमले समाजमा पारेको असरको वारेमा परिचित हुन । | क. शिक्षकले विद्यार्थीहरुलाई उनीहरुको समुदायमा कुनै घरमा बालविवाह वा वालश्रममा संलग्न छन् की भनी प्रश्न सोध्ने ।<br>ख. विद्यार्थीहरुले बालविवाह र वालश्रमको अर्थको वारेमा स्पष्ट हुन नसकेमा शिक्षकले उनीहरुलाई बालविवाह र वालश्रमको कानुनी परिभाषा बताउने<br>ग. यदि विद्यार्थीहरुको समुदायमा कुनै वालवालिकाहरु बालविवाह गरेका वा वालश्रममा संलग्न भएको रहेछन् भने उनीहरु विद्यालय आउने गरे नगरेको प्रश्न सोध्ने ।<br>घ. बालविवाह गरेका र वालश्रममा संलग्न रहेका व्यक्तिहरुको सामाजिक आर्थिक र मनोवैज्ञानिक असरहरुको वारेमा अन्तरक्रियात्मक तरिकाले छलफल गराउने । | क.सान्दर्भिक चित्रहरु<br>ख. कुनै बालविवाह वा वालश्रममा संलग्न परिवारका विद्यार्थीहरु भए वास्तविक व्यक्तिहरु | १. विद्यार्थीका क्रियाकलापहरुको अवलोकन गरेर<br>२. निम्न प्रश्नहरु सोधेर<br>क. बालविवाह भन्नाले के वुझ्नु हुन्छ ?<br>ख. वालश्रम भन्नाले के वुझ्नु हुन्छ ?<br>ग. तपाईको समुदायमा रहेका बालविवाह गरेका वा वालश्रममा संलग्न व्यक्तिहरुको सुचि वनाउनुहोस् । | १८ |
| ६. | हाम्रो सुरक्षा | घरायसी सुरक्षा | कुहिने/नकुहिने फोहोर छुट्याउन । | - आफ्नो कक्षाकोठा र आँगनमा भएका फोहोरहरु जस्तै कागज, प्लास्टिक, | - कुहिने र नकुहिने फोहोरको | कुच्चो विभिन्न किसिमका फोहोर | १४ |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | झारपात, फलफूलका कोस्टा आदि जम्मा गर्न लगाउने ।<br>- जम्मा गरिएका फोहोरहरुलाई नजिकै एउटा सानो खाल्डो बनाई त्यसमा राख्ने र माथिबाट थोरै पानी हाल्न लगाउने ।<br>- २/३ दिनपछि ती फोहोरको अवलोकन गर्न लगाउने ।<br>- कुहिने र नकुहिने फोहोरको सूची बनाउन लगाउने । | सूची बनाउनुहोस् । | | |
| | | सडक सुरक्षा | सडकमा हुने दुर्घटनाका कारणहरु बताउन । | - कसैले सडकमा भएको दुर्घटना प्रत्यक्ष देखेको वा नदेखेको भए सुनेको छ भनी सोध्ने ।<br>- दुर्घटना कसरी भयो वर्णन गर्न लगाउने ।<br>- सडक दुर्घटनाका कारणहरु विद्यार्थीहरुलाई नै वर्णन गर्न लगाउने ।<br>- सडक दुर्घटनाका थप कारणहरु शिक्षकले स्पष्ट पारिदिने । | - सडक दुर्घटनाका मुख्य कारणहरु के के हुन् ? | | |
| | | शारीरिक सुरक्षा | ● स्वास्थ्य सम्बन्धबारे बताउन तथा स्वास्थ्य | ● विद्यार्थीहरुलाई आफ्ना साथीभाईहरुसँग के कस्तो | | ● तपाईले आफ्नो साथी वा छिमेकीसंग स्वस्थ | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | सम्बन्ध निर्माणको सिप विकास गर्न | सम्बन्ध छ भनि सोध्ने,<br>● राम्रो सम्बन्ध वा नराम्रो सम्बन्ध विच भिन्नता छुट्याउने ।<br>● राम्रो सम्बन्ध निर्माणका लागि आवश्यक छलफल गर्ने । Note (राम्रो सम्बन्ध बनाउने उपायहरु):–<br>● अरुको विचारको कदर<br>● स्वस्थ प्रतिस्पर्धा<br>● प्रभावकारी संचार<br>● छलफल,वादविवाद, सहयोग आदि | | सम्बन्ध राख्न के-के गर्नुपर्ला ? | |
| ७ | खुशीको संसार | ● गणितीय दौड र रीले दौडका लागि चाहिने आवश्यक सिप तथा नियमहरु बताउन ।<br>● स्थानीय क्षेत्रमा भएका योग ध्यान केन्द्रको परिचय दिने र योगको फाइदाहरु बताउन । | ● गणितीय दौड र रीले दौड खेल्ने तरीका, महत्व र फाइदा<br>● योगका फाइदा योग ध्यान केन्द्रको परिचय | ● खेलको बारेमा नियमहरु अवगत गराउदै समुहमा खेल प्रदर्शन गर्ने ।<br>● खेलमा हौसला प्रदानका लागी पुरस्कारको व्यवस्था गराउने ।<br>● स्थानीय क्षेत्रमा भएका योग ध्यान केन्द्रहरुको अवलोकन भ्रमण गराइ त्यसको परिचय तथा त्यहाँ उपलब्ध सेवा सुविधाहरुबारे बताइ दिने ।<br>● शिक्षकले बालबालिकाहरुलाई घरका | ● ह्वाइट बोर्ड, मार्कर, ब्याटन, ह्वाइट पेपर, पेन्सिल, चुना आदि ।<br>● स्थानीय योग ध्यान केन्द्रको | ● छोटो उत्तर दिनुहोस ।<br>● कुनै खेललाई प्रतियोगिताको रुपमा खेलाउने, शिक्षकले अवलोकन गर्ने ।<br>● स्थानीय स्तरमा रहेका योग ध्यान केन्द्रका नाम लेख्नुहोस् । | १४ |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शिक्षण सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | सदस्यहरुमा भएका शारीरिक समस्याहरु के-के रहेछन्? छलफल गराउने । छलफलका क्रममा बालबालिकाले बताएका समस्याहरु बि.पि. बढ्नु, टाउको दुख्नु, तौल धेरै हुनु, तनाव हुनु, आदि देखिएका समस्याहरु योगले समाधान गर्न सहयोग गर्दछ भन्ने कुरा बालबालिकालाई बताउने, रोग अनुसार योग पनि फरक-फरक हुन्छन् भन्ने कुरा बालबालिकालाई बताउने । केही योगका फाइदाहरु बोर्डमा लेखी बारम्बार उच्चारण गर्न लगाउने । जस्तै :- बि.पि. लाई ठीक ठाउँमा राख्न, तनाव कम गर्न पाचन क्रियालाई ठीक ठाउँमा राख्न, तौल कम गर्न आदि | अवलोकन विभिन्न योगका भिडियो सिडी, चक्का चित्र पोस्टर आदि । | | |

कक्षा ६

| क्र. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १. | हामी र हाम्रो गोदावरी | भौगोलिक अवस्था :<br>• गोदावरी नगरपालिकाको नक्सामा विभिन्न स्थानहरु ,<br>• गोदावरी नगरपालिकाका चार सिमा ( किल्ला)<br>• सुदूरपश्चिम प्रदेशमा गोदावरी, | • सुदूरपश्चिम प्रदेशको नक्सामा गोदावरी नगरपालिकाको अवस्थिति वर्णन गर्न,<br>• गोदावरी नगरपालिकाको चारै दिशामा रहेका स्थान र सिमाना भन्न,<br>• गोदावरी नगरपालिकाका वडा कार्यालय रहेका स्थानको नाम भन्न, | • गोदावरी नगरपालिकाका विभिन्न महत्वपूर्ण ठाँउ : गोदावरी, नायल ताल, भल्का ताल, बुढीतोला आदि हुन् भनी बताउने र अरु पनि छन् कि भनी सोध्ने,<br>• विद्यार्थीले थपेका ठाउँ समेत समावेश गरी सूची बनाई प्रस्तुत गर्न लगाउने,<br>• गोदावरी नगरपालिकाका चार दिशामा पर्ने सिमानाका बारेमा छलफल गर्न लगाउने र विद्यार्थीबाट आएका सुझाव सहित सिमाना चार्ट टाँस गरि दिने,<br>• सुदूरपश्चिम प्रदेशको नक्सा प्रदर्शन गर्दै भिडियो डकुमेन्ट्री प्रदर्शन गर्दै गोदावरीको सामान्य अवस्था बारे भन्ने ,<br>• छलफल, प्रश्नोत्तर, समूहकार्य, परियोजना कार्य , क्षेत्रभ्रमण विधि समेत प्रयोग गरी शिक्षण गर्न सकिने | | • गोदावरी नगरपालिकाका प्रमुख ठाउँहरुको सूची बनाउन लगाएर,<br>• गोदावरी नगरपालिकाका चार सिमाना उल्लेख गर्न लगाएर,<br>• सुदूरपश्चिम प्रदेशमा गोदावरी नगरपालिकाको अवस्था भन्न लगाएर, | २३ |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | **स्थानीय सरकार :**<br>● विकासमा स्थानीय सरकारको योगदान,<br>● गोदावरी नगरपालिकाको शिक्षा नीति,<br>● गोदावरी नगरपालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धी भावी नीति तथा कार्यक्रम, | ● आआफ्नो स्थानको विकासमा नगरपालिकाले पुर्‍याएको योगदानको बयान गर्न,<br>● गोदावरी नगरपालिकाको शैक्षिक स्थितिको बारेमा भन्न,<br>● आआफ्नो वडामा रहेका शैक्षिक संस्थाहरुको नाम भन्न,<br>● गोदावरी नगरपालिकाको स्वास्थ्य स्थिति बारे भन्न,<br>● आआफ्नो वडामा रहेका स्वास्थ्य संस्थाको नाम भन्न, | ● गोदावरी नगरको विकासमा स्थानीय सरकारको योगदान के हुन सक्छ भनी छलफल र प्रश्नोत्तर गराउने<br>● विद्यार्थीलाई समूहमा विभाजन गरी गोदावरी नगरको शिक्षा नीति, स्वास्थ्य नीति र भावी नीति तथा कार्यक्रम तयार गरी कक्षामा प्रस्तुत गर्ने भनी परियोजना कार्य गर्न लगाउने,<br>● समूह समूहमा विभाजन गरी नगरपालिका सम्बन्धि अध्ययनका लागि नगरपालिकामा पठाउने र नगरपालिकाको शिक्षा नीति, स्वास्थ्य नीति, र भावी कार्यक्रमका बारेमा जानकारी लिई कक्षामा सुनाउने / प्रस्तुतीकरण गर्न लगाउने,<br>● शिक्षकले उनीहरुको प्रस्तुतिलाई क्रमशः टिपोट गर्दै आफूसँग भएको शिक्षा तथा स्वास्थ्य नीति र भावी कार्यक्रमको सूची टाँस गरि दिने, | | ● नगरपालिकाको विकासमा स्थानीय सरकारको योगदान भन्न लगाएर,<br>● क्षेत्र भ्रमण गराई सम्बन्धित समूहलाई नीति तथा कार्यक्रम र भावी नीतिसम्बन्धी प्रश्नावली भराई प्रस्तुत गर्न लगाएर,<br>● गोदावरी नगरपालिकाको शिक्षा तथा स्वास्थ्य सम्बन्धि नीति तथा कार्यक्रम र भावी कार्यक्रम प्रस्तुत गर्न लगाएर, | |
| | | **विकासका पूर्वाधार :**<br>● वडा अनुसार सरकारी र संस्थागत विद्यालयको नाम,<br>● क्याम्पसहरुको नाम | ● गोदावरी नगरपालिका भित्रको खानेपानीको स्रोतका बारेमा भन्न, | ● विद्यार्थीहरुलाई आफू बस्ने वडामा सरकारी र संस्थागत विद्यालय कति छन् र कुन कुन हुन् भनी छलफल तथा प्रश्नोत्तर गरी गर्न लगाई सूची बनाउन लगाउने,<br>● आफ्नो वडामा रहेका कलेज तथा | | ● आफ्नो वडामा भएका सरकारी र संस्थागत विद्यालयको नामको सूची बनाउन लगाएर, | |

| क्र. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | र संक्षिप्त परिचय<br>● सुदूरपश्चिम विश्वविद्यालयको सामान्य परिचय र पढाइ हुने विषयको जानकारी,<br>● निजी तथा सरकारी स्वास्थ्य केन्द्र, अस्पताल, नर्सिङहोम | | क्याम्पसहरूको नाम भन्नुहोस् भनी प्रश्नोत्तर विधिबाट सोध्दै नाम शिक्षकले वा कुनै एक जना विद्यार्थीबाट टिप्ने वा टिप्न लगाउने,<br>● सुदूरपश्चिम विश्वविद्यालयमा पढाइ हुने संकायहरूको सूची देखाउँदै छलफल गरी अध्ययन गर्न लगाउने,<br>● हामी बिरामी हुँदा उपचार गर्न, खोप लगाउन कहाँ जान्छौं र ती संस्थाहरू कहाँ कहाँ छन् भनी प्रश्ननोत्तर गर्ने र विद्यार्थीहरुबाट आएका उत्तरहरुलाई टिपोट गर्ने,<br>● आफनो वडामा भएका सरकारी स्वास्थ्य चौकी, अस्पताल, नर्सिङ होम आदि केके छन् भनी छलफल प्रश्नोत्तर गर्ने र आएका उत्तरको सूची बनाउन लगाउने, | | ● आफ्नो वडामा रहेका कलेज तथा क्याम्पसहरुको नाम भन्न वा लेख्न लगाएर,<br>● नगरपालिकाभित्र रहेका नाम चलेका शैक्षिक संस्थाको नाम भन्न वा लेख्न लगाएर,<br>● नगरपालिका भित्रका अन्य स्वास्थ्य सेवा, नर्सिङहोमको सूची बनाउन लगाएर, | |
| | | **स्थानीय समाजसेवी** :<br>● स्थानीय समाजसेवीको परिचय,<br>● स्थानीय समाजसेवीको योगदान, | ● आफ्नो वडामा बसोबास गर्ने समाजसेवीको परिचय दिन,<br>● आफ्नो वडामा बस्ने समाजसेवीले वडामा पुर्‍याएको योगदानको बयान गर्न, | ● विद्यार्थीहरुलाई आफ्नो टोल छिमेक र वडामा नाम चलेका समाजसेवीको नाम भन्न लगाउने र शिक्षकले विद्यार्थीले बताएका नाम पाटीमा टिप्दै जाने र छलफलबाट निष्कर्षमा पुगी अन्तिम नाम टिप्न लगाउने,<br>● स्थानीय समाजसेवीको योगदानको बारेमा भन्न लगाई सूची तयार गर्न लगाउने,<br>( यसका लागि छलफल क्षेत्रभ्रमण, | | ● आफनो टोल छिमेक र नगरमा नाम चलेका समाजसेवी का नाम भन्न वा सूची बनाउन लगाएर,<br>● स्थानीय समाजसेवीको मुख्य योगदानको | |

| क्र. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | परियोजना कार्य शिक्षणविधि अपनाउने, | | सूची बनाउन लगाएर, | |
| | | **स्थानीय विकासका देखा परेका समस्या र चुनौती**<br>● बालविवाह र बहुविवाह<br>● बालविवाह र बहुविवाहबाट समाजमा देखापर्ने असर र न्यूनीकरणका उपाय<br>● महिला हिंसाका कारण र न्यूनीकरणका उपाय<br>● महिला हिंसाका कारण र न्यूनीकरणका उपाय<br>● छाउपडी प्रथा,यसको कारण र महिलामा परेको असर तथा न्यूनीकरणका | ● बालविवाह र बहुविवाहका कारणहरु भन्न,<br>● बालविवाह र बहुविवाहका कारणबाट समाजमा परेका असर बारे भन्न,<br>● महिला हिंसाका कारण भन्न,<br>● महिला हिंसाका कारण घर परिवार र समाजमा पर्ने असर भन्न,<br>● महिला हिंसा न्यूनीकरणका उपायहरु उल्लेख गर्न,<br>● छाउपडी प्रथाका कारणहरु बारे भन्न,<br>● छाउपडी प्रथाबाट महिलामा पर्न गएको असरको सूची बनाउन,<br>● छाउपडी प्रथाको | ● बालविवाह र बहुविवाह भनेको के हो भनी छलफल । प्रश्नोत्तर गराउँदै बालविवाह, बहुविवाहको परिचय दिने,<br>● बालविवाहबाट समाजमा पर्ने असरका बारेमा कक्षामा छलफल गराई बुँदागत रुपमा टिप्न लगाउने,<br>● बालविवाह र बहुविवाह सामाजिक समस्या हुन् यिनले समाजको विकासमा बाधा उत्पन्न गर्छन् भनी कारण उल्लेख गर्न लगाउने,<br>● महिला हिंसाका कारण केके हुन् भनी छलफल गर्न लगाई टिपेर भन्न लगाउने,<br>● यसबाट सिर्जना हुने समस्या प्रश्नोत्तर गर्दै बुँदागत रुपमा प्रस्तुत गर्न लगाउने,<br>● महिला हिंसाका कारण र न्यूनीकरणका उपाय समूह विभाजन गराई बुदाँगत रुपमा प्रस्तुत गर्न लगाउने,<br>● छाउपडी प्रथा भनेको के हो भनी प्रश्न गर्दै छलफलबाट परिचय दिन लगाउने, | | ● बालविवाह गर्नका कारण भन्न लगाएर,<br>● बालविवाहबाट उत्पन्न हुने समस्या र समाधानका उपायहरु भन्न लगाएर,<br>● बहुविवाहबाट समाजमा पर्ने असर बुदाँगत रुपमा भन्न लगाएर,<br>● यसले निम्त्याउने सामाजिक असर भन्न लगाएर,<br>● छाउपडी प्रथा न्यूनीकरणका लागि विद्यालय, सरकारी तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयास भन्न | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | उपाय | न्यूनीकरणका उपायहरु बारे छलफल गर्न, | • छाउपडी प्रथाका कारण खोजी गर्न लगाई बुदाँगत रुपमा प्रस्तुत गर्न लगाउने,<br>• छाउपडी प्रथाबाट समाजमा देखा परेका समस्या र समाधानका उपाय समेटिएका भिडियो,नाटक प्रदर्शन गरी समूहगत रुपमा के कस्ता असर र समस्याका उपाय रहेछन् भनी पालैपालो बुदाँगत रुपमा भन्न लगाउने,<br>• समूह विभाजन गरी उल्लिखित समस्या समाधानका लागि समाजमा क्रियाशील सरकारी, गैर सरकारी संघ संस्थाको भूमिका बुँदागत रुपमा भन्न लगाउने, | | लगाएर, | |
| २ | हाम्रो सम्पदा | गोदावरी नगरपालिकाका पर्यटकीय स्थलहरूको परिचय :<br>• गोदावरी, वनदेवी, नायल ताल, लामी ताल, भल्का ताल, विभिन्न भोलुङ्गे पुल, ग्वासी समैजी मन्दिर, | • ँगोदावरी नगरपालिकाभित्रका पर्यटकीय स्थलहरुको ऐतिहासिक पृष्ठभूमि सहित परिचय दिन, | • -स्थानीय पर्यटकीय स्थलहरूको ऐतिहासिक तथ्य हासिल गराई तिनीहरूको ऐतिहासिक तथ्य सङ्कलन गर्ने र समूहगत रूपमा फरक फरक पर्यटकीय स्थलको ऐतिहासिक पृष्ठभूमिसहित परिचय प्रस्तुत गर्न लगाउने,<br>• -प्रस्तुतकर्ताको प्रस्तुतिमा अन्य विद्यार्थीले टिप्पणी गर्ने र पाठ्यवस्तुको अध्ययन तथा अनुभवका आधारमा सुझाव प्रस्तुत गर्ने, | | • पर्यटन स्थलको परिचय दिन लगाएर,<br>• पर्यटन स्थलको महत्वबारे भन्न लगाएर,<br>• परियोजना कार्य गर्न लगाएर, | २३ |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | मष्टाबण्डाली धाम, | | • -स्थलगत अवलोकनका क्रममा सङ्कलन गरिएका तस्विरलाई सूचनापाटीमा टाँसेर प्रदर्शन गर्न लगाउने, | | | |
| | | गोदावरी नगरपालिकाभित्र जल सम्पदा र खोलानालाहरू : गोदावरी, मनहरा,शिवगंगा, खुटिया,मोहना, मछेली, भल्का ताल, लामी ताल, नायल ताल, | • गोदावरी नगरभित्रको जलाधार क्षेत्र र खोलानालाको परिचय दिन, | • -गोदावरी नगरपालिकाभित्रका जल सम्पदाको चित्र, पोस्टर, स्लाइड प्रदर्शन गर्ने,<br>• -स्थानीय कुनै एउटा जद सम्पदाको वस्तुस्थिति अवलोकन गरी त्याँहा रहेका पानीको स्रोतको अवस्था, त्यसको उपयोग, सरसफाइको अवस्था, संरक्षणका प्रयास समेटेर एउटा प्रतिवेदन तयार गर्न लगाउने,<br>• तयार गरिएका प्रतिवेदनलाई पालैपालो कक्षामा प्रस्तुत गर्न लगाउने, | | • गोदावरी नगरपालिकाभित्रका जलसम्पदाको नाम र अवस्थितिको बारेमा सोधेर ,<br>• परियोजना कार्यमा तयार पारिएको प्रतिवेदन प्रस्तुत गर्न लगाएर,<br>• जलसम्पदाको महत्वको बारेमा सोधेर, जलको मुहान र स्रोत बारेमा भन्न लगाएर, | |
| | | **हाम्रा मानव सम्पदा** : स्थानीय प्रेरणदायी व्यक्तित्व : गोदावरी नगरपालिकाभित्रका | • गोदावरी नगरभित्रका प्रेरणादायी व्यक्तित्वहरुको पहिचान गरी | • गोदावरी नगरपालिका बाहिर कुनै ठाँउको ख्याति प्राप्त प्रेरणदायी व्यक्तित्वको जीवनी र उनीहरूले आफ्नो समाजमा दिएका योगदान बारे सुनाउने, | | • स्थानीय स्तरमा रहेका आदर्श व्यक्तिहरू बारे परियोजना | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | स्थानीय कलाकार, खेलाडी, समाजसेवी तथा साहित्यकारको चिनारी र योगदान | तिनीहरुको योगदानको चर्चा गर्न, | • आफ्ना वडामा भएका प्रेरणदायी व्यक्तित्वका बारेमा भन्न लगाएर,<br>• कुनै एक प्रेरणादायी व्यक्तित्वको परिचय तथा उहाँका योगदान बारे समुदायका अग्रजहरूसँग सोधेर उहाँहरूको जीवनी तयार पार्न लगाउने र उहाँको जीवनीलाई कक्षाकोठामा पालैपालो प्रस्तुत गर्न लगाउने,<br>• विद्यार्थीहरूले सङ्कलन गरेका स्थानीय प्रेरणदायी व्यक्तिको तस्विर प्रदर्शन र समीक्षा गराउने, | | कार्य गर्न लगाएर,<br>• प्रश्नोत्तर गराएर,<br>• बुँदा टिपोट, मुख्य मुख्य काम र योगदानको सूची बनाउन लगाएर,<br>• स्थानीय स्तरको आदर्श व्यक्तिको समीक्षा गर्न लगाएर, | |
| | | **हाम्रा हस्तकला :**<br>• बाँसबाट निर्मित हस्तकला डोको, स्याकु, मुढा, मान्द्रो<br>• माटोबाट निर्मित हस्तकला गाग्रा, सुल्पा, खुत्रुके,चुलो, घ्याम्पो,<br>• ऊनबाट बन्ने टोपी, स्विटर, | • गोदावरी नगरपालिका भित्रका स्थानीय हस्तकलाहरुको चिनारी गराउन, | • हस्तकलासँग सम्बन्धित स्थानीय सामग्रीको अवलोकन गराउने,<br>• सम्बन्धित जाति समुदायका सिप जानेका व्यक्तिलाई अतिथिका रूपमा कक्षाकोठामा सामग्री प्रदर्शन तथा वर्णन गर्न लगाउने,<br>• छिमेकका व्यक्तिहरूले स्थानीय हस्तकलाका सामग्री बनाइरहेको बेला अवलोकन गरेर बनाउने विधिबारे जानकारी दिने र त्यसै अनुसार त्यस्तो सामग्री आफै बनाई वा बनाउन लगाई त्यसमा | | • विभिन्न निर्मित हस्तकला सामग्री देखाएर नाम भन्न लगाएर,<br>• एकल तथा सामुहिक रूपमा हस्तकला निर्माण गर्न लगाएर,<br>• आफ्नो घरपरिवारमा | |

| क्र. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | रुमाल, पाखी<br>● अन्य चकटी, ढकिया, नाम्लो, सुप्पो | | प्रयोग भएका कच्चा पदार्थको नाम तथा बुन्ने तरिका समेत कक्षामा प्रस्तुत गर्न लगाउने, | | प्रयोगमा भएका हस्तकला बारे भन्न लगाएर,<br>● विभिन्न हस्तकलाका सामग्रीहरूमा प्रयोग हुने कच्चा पदार्थ र बनाउने विधि भन्न लगाएर, | |
| | | गोदावरी नगरपालिका र सुदूरपश्चिम प्रदेश :<br>● सुदूरपश्चिम प्रदेश स्थापनामा गोदावरी नगरपालिकाको भूमिका,<br>● सुदूरपश्चिम प्रदेशको विकासमा गोदावरीको स्थान, | ● सुदुरपश्चिम प्रदेशमा गोदावरी नगरको स्थानका बारेमा प्रस्ट पार्न, | ● सुदूरपश्चिम प्रदेश स्थापना सम्बन्धि दस्ताबेज खोज र अध्ययन गर्न लगाउने,<br>● सुदूरपश्चिम प्रदेश स्थापनामा गोदावरी नगरपालिकाले खेलेको भूमिकाको बारेमा समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने,<br>● सुदूरपश्चिम प्रदेशको विकासमा गोदावरी नगरपालिकाले निर्वाह गर्न सक्ने भूमिका बारे सामूहिक छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउने, | | ● सुदूरपश्चिम प्रदेश स्थापनाको उद्देश्य, घटना र उपलब्धिका बारेमा छलफल गराएर,<br>● सुदूरपश्चिम प्रदेशको विकासमा गोदावरी नगरपलिकाले निर्वाह गर्न सक्ने भूमिका बारे छलफल गराएर, | |
| | | **गोदावरी नगरपालिका** | ● गोदावरी | ● कक्षामा रहेका विभिन्न | | ● विभिन्न | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | **र जातीय विविधता :**<br>● जातीय विविधता र जातीय एकताको परिचय<br>● खस र अन्य जातिबीचको सम्बन्ध | नगरभित्रको जातीय विविधताको परिचय दिन, | जातजातिका विद्यार्थीहरूद्वारा आआफ्नो समुदायको रहनसहनका बारेमा भन्न लगाउने,<br>● स्थानीय स्तरमा रहेका विभिन्न जातजातिका भाषा, पोशाक, मुख्य पेसा आदिका बारेमा छलफल गर्न लगाउने,<br>● अनेकतामा एकता, गोदावरी नगरपालिकाको विशेषता भन्ने सानो पाठ्यांश दिई विद्यार्थीलाई पढ्न लगाउने र प्रश्नोत्तर विधिको प्रयोग गर्दै निश्कर्षमा पुग्ने,<br>● गोदावरी नगरपालिकाको जातीय विविधता र जातीय एकतालाई प्रष्ट पार्ने गरी ती जातजातिको अन्य जातिसँग कस्तो सम्बन्ध हुनु पर्दछ भन्ने सन्दर्भमा सानो लेख लेख्न लगाई छलफल गर्ने र निष्कर्षमा पुग्ने, | | जातजातिको परिचय सोधेर,<br>● विभिन्न जातजातिको मुख्य पोशाक, भाषा, रहनसहनका बारेमा सूची बनाउन लगाएर,<br>● स्थानीय स्तरमा रहेको जातजातिको चार्ट बनाउन लगाएर,<br>● प्रश्नोत्तर अवलोकन गरेर,<br>● जात अनुसार मुख्य पेसाको सूची बनाउन लगाएर, | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | • स्थानीय र परम्परागत पेशाको महत्व । | • आफ्नो छिमेकका मानिसले गर्ने पेशा/व्यवसायको महत्व बताउन । | • आफ्नो घर र छिमेकको मानिसले गर्ने पेशा/व्यवसायको महत्व<br>• स्थानीय मानिसहरुले परम्परागत रुपमा गर्दै आएका पेशा/काम सम्बन्धी वर्णन | • स्थानीय मानिसहरुले गर्ने विभिन्न कामहरुको सूची, ब्रोसर, पोस्टर, भिडियो ।<br>• पेशा व्यवसाय बाट मानिसलाई हुने फाइदाहरु बुझाउने चार्ट | • विद्यालय नजिकको कुनै गाउँको अवलोकन भ्रमण गराई त्यहाँका मानिसहरुले के के काम गरिरहेका छन् देखाई बताइदिने र स्थानीय क्षेत्रमा मानिसहरुले गर्ने कामहरुको सूची बनाई प्रस्तुत गर्ने । | १८ |
| | | पर्यटन | • आफ्नो नगरपालिका क्षेत्रभित्र यसका पर्यटकीय स्थलहरुको महत्व बताउन । | • आफुले देखेका र सुनेका आफ्नो नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने । | | • गोदावरी नगरपालिका भित्र रहेका कुनै ५ वटा पर्यटकीय स्थलहरुको सूची बनाउनुहोस् ।<br>• पर्यटकीय स्थल गोदावरी को वर्णन गर्नुहोस् । | |
| | | व्यापार | • घर तथा समुदायमा उत्पादन भएका | • विद्यार्थीहरुलाई बजारीकरणको अर्थ स्पष्ट पारिदिने । | • शब्दपत्ती | • तपाईको परिवारले किन्ने र बेच्ने | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | वस्तुको बजारीकरण गर्ने तरिका बताउन । | ● आफ्नो घर तथा समुदायमा बिक्री गर्ने उद्देश्यले उत्पादन गरिएका बस्तुहरुको सूची बनाउन लगाउने ।<br>● आफूले किन्नुपर्ने सामानहरुको सूची बनाउन लगाउने ।<br>● किन्नुपर्ने र बेच्नु पर्ने सूचीमा भएका वस्तुहरुको बजारीकरण गर्ने प्रक्रियाबारे स्पष्ट पारिदिने । | | सामानहरुको सूची बनाई ती सामानहरु किन्ने र बेच्ने तरिका पनि उल्लेख गर्नुहोस् । | |
| | | उद्योग | ● आफ्नो स्थानीय स्तरमा भएका उद्योगहरुको सूची बनाई आर्थिक विकासमा स्थानीय उद्योगले पुऱ्याएको योगदानबारे भन्न । | ● आफ्नो स्थानीय स्तरमा भएका विभिन्न किसिमका उद्योगहरुको सूची प्रदर्शन गर्ने ।<br>● थप उद्योगहरु विद्यार्थीहरुबाट थप्न लगाउने ।<br>● ती उद्योगहरुबाट हामीलाई भएको फाइदाबारे छलफल गर्न लगाउने । | ● उद्योगहरु को सूची | ● तपाईको गाउँघर वा वडामा भएका कुनै ३ उद्योगको नाम लेखी ती उद्योगले पुऱ्याएको फाइदाबारे लेख्नुहोस् । | |
| ४. | सरसफाइ र फोहर व्यवस्थापन | व्यक्तिगत सरसफाइ | सेनेटरी प्याडबारे भन्न । | - विद्यार्थीहरुको प्रत्येक बेन्चमा एउटा एउटा सेनेटरी प्याड वितरण गरी त्यस्तो वस्तु कहिल्यै देखे नदेखेको सोध्ने ।<br>- घरमा कसैले प्रयोग गरे नगरेको र कस्तो अवस्थामा प्रयोग गरिन्छ सोध्ने ।<br>- अन्तमा महिनावारी भएको बेला बग्ने रगत सोस्न सेनेटरी प्याड प्रयोग गरिने कुरा स्पष्ट पारिदिने । | सेनेटरी प्याड | - सेनेटरी प्याड कसले प्रयोग गर्दछन् ? | १८ |
| | | वातावरणीय सरसफाइ | आफ्नो घर र विद्यालय परिसरमा सरसफाई क्रियाकलाप गर्न । | - विद्यार्थीहरुलाई सानो समूहमा विभाजन गरी घर र विद्यालय परिसरमा हुने फोहोरहरु बारे छलफल गर्न लगाउने । | | - आफ्नो घर र विद्यालयको सरसफाइ कसरी गर्न | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | - ती फोहोरलाई कसरी सफा गर्ने भन्ने बारे छलफल गर्न लगाउने ।<br>- आफ्नो कक्षाकोठा र आँगनमा विद्यार्थीहरु स-साना समूहद्वारा सरसफाई गर्न लगाउने । | | सकिन्छ ? | |
| | | वातावरणीय सरसफाइ | आफ्नो घर र विद्यालय परिसरमा सरसफाई क्रियाकलाप गर्न । | - विद्यार्थीहरुलाई सानो समूहमा विभाजन गरी घर र विद्यालय परिसरमा हुने फोहोरहरुबारे छलफल गर्न लगाउने ।<br>- ती फोहोरलाई कसरी सफा गर्ने भन्ने बारे छलफल गर्न लगाउने ।<br>- आफ्नो कक्षाकोठा र आँगनमा विद्यार्थीहरु स-साना समूहद्वारा सरसफाई गर्न लगाउने । | चित्रहरु, पोस्टर | - आफ्नो घर र विद्यालयको सरसफाई कसरी गर्न सकिन्छ ? | |
| | | फोहोर व्यवस्थापन | घर र विद्यालयमा सिर्जना हुने फोहोरलाई वर्गीकरण गर्न । | - विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी घर र विद्यालयमा सिर्जना हुने विभिन्न किसिमका फोहोरहरुको सूची बनाउन लगाउने ।<br>- ती फोहोरहरुलाई सड्ने र नसड्ने, पूनः प्रयोग गर्न सकिने र पुनः प्रयोग गर्न नसकिने समूहमा वर्गीकरण गर्न लगाउने ।<br>- फोहोरको वर्गीकरण प्रयोगात्मक कार्यको रुपमा पनि गर्न लगाउने । | | - फोहोरलाई विभिन्न समूहमा छुट्याउनुहोस् ,<br>- सड्ने र नसड्ने फोहोरहरुको सूची बनाउनुहोस् । | |

| क. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ५. | हाम्रा सामाजिक समस्या | आफ्नो समुदाय भित्र रहेको अन्धविश्वास र छुवाछुतको अवस्था<br><br>अन्धविश्वास र छुवाछुतले समाजमा सिर्जना गरेको सामाजिक अवस्था<br><br>अन्धविश्वास र छुवाछुत हुनाको मुख्य कारणहरु । | क) गोदावरी नगरपालिका भित्र रहेका सामाजिक समस्याहरु मध्ये अन्धविश्वास र छुवाछुतको वारेमा जानकारी लिन<br>ख. अन्धविश्वास र छुवाछुतले समाजमा पारेको असरको वारेमा परिचित हुन<br>ग. अन्धविश्वास र छुवाछुतको कारण पत्ता लगाउन । | . शिक्षकले विद्यार्थीहरुलाई उनीहरुको समुदायमा कुनै अन्धविश्वास र छुवाछुत संग सम्वधित क्रियाकलापहरु पत्ता लगाउन सान्दर्भिक प्रश्नहरु सोध्ने ।<br>ख. विद्यार्थीहरुले अन्धविश्वास र छुवाछुतको अर्थको बारेमा स्पष्ट हुन नसकेमा शिक्षकले उनीहरुलाई अन्धविश्वास र छुवाछुतको  कानुनी परिभाषा दिने ।-<br>छुवाछुत भन्नाले नकारात्मक दृष्टिकोणले कुनै व्यक्तिलाई छुन नहुने अवस्था हो भने अन्धविश्वास भनेको अलौकिक शक्ति माथि विश्वास गर्ने कुनै घटनाहरु स्वीकार्ने, तथ्य विना कुनै कुराप्रति आत्मासाथ गर्नुपर्ने अवस्था हो भनि सम्झाउने ।<br>ग. शिक्षकले विद्यार्थीको समुदायमा अन्धविश्वास र छुवाछुतको अवस्था के छ भनी कारण पत्ता लगाउन विद्यार्थीहरु बीच समूहगत छलफल गर्न लगाउने | क.सान्दर्भिक चित्रहरु | १. विद्यार्थीहरुलाई निम्न प्रश्नहरु सोधी शैक्षणिक क्रियाकलापको मुल्याङ्कन गर्ने ।<br>क. तपाइको समूदायमा सार्वजनिक मन्दिर , पानी पधेरोमा सवै मानिसहरु जान्छन् कि जाँदैनन् ।<br>ख. छोरीहरु महिनावारी भएको अवस्थामा घर परिवारवाट कस्तो व्यवहार हुन्छ ?<br>ग. घरका मानिसहरु वा वस्तुभाउहरु बिरामी हुदाँ कहाँ उपचार गरिन्छ  ?<br>घ. समाजमा अन्धविश्वास र छुवाछुत किन भैरहेको हुन्छ ? | १८ |
| ६ | हाम्रो सुरक्षा | सडक सुरक्षा | सडकमा प्रयोग गरिने मुख्य मुख्य ट्राफिक चिन्ह बारे भन्न । | - सडकमा प्रयोग गरिने मुख्य मुख्य ट्राफिक चिन्ह भएको चित्र तथा पोस्टर प्रदर्शन गर्ने ।<br>- त्यस्ता चिन्हहरु कहि देखे नदेखेको | | - सडकमा प्रयोग गरिने ५ वटा ट्राफिक चिन्हको चित्र बनाई तिनको | १४ |

| क्र. सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | सोध्ने ।<br>- ती चिन्हहरुको अर्थ र हामीले पालना गर्नुपर्ने नियमबारे छलफल गराउने । | | अर्थ लेख्नुहोस् । | |
| | | घरायसी सुरक्षा | खेल्दा वा काम गर्दा अपनाउनु पर्ने सावधानी उल्लेख गर्न । | - काम गर्दा वा खेल्दा कसैलाई अहिलेसम्म केहि चोटपटक लागे नलागेको सोध्ने ।<br>- चोटपटक लाग्नुको कारण सोध्ने ।<br>- चोटपटक लाग्न नदिने उपायहरुबारे छलफल गर्न लगाउने । | | - खेल खेल्दा र काम गर्दा चोट लाग्न नदिन के कस्तो सावधानी अपनाउनु पर्ला ? | |
| | | विद्युतीय सुरक्षा | घरायसी विद्युतीय सामग्री सुरक्षित रुपमा चालु तथा बन्द गर्ने तरिका बताउन । | - आफ्नो घर र विद्यालयमा प्रयोग हुने विद्युतीय सामग्रीहरुको सूची बनाउन लगाउने ।<br>- ती सामग्रीहरु चालु तथा बन्द गर्ने तरिकाबारे छलफल गर्न लगाउने । | | - तपाईको घरमा भएका विजुलीबाट चल्ने ५ वटा सामग्रीको नाम लेखी ती सामग्री चालु र बन्द गर्ने तरिका उल्लेख गर्नुहोस् । | |
| | | शरीरिक सुरक्षा | - किशोर अवस्थामा सामना गर्नुपर्ने शारीरिक, मनोवैज्ञानिक तथा सामाजिक समस्याहरु पहिचान गर्न,<br>- ती समस्या समाधानका उपायहरु पहिचान गर्न | - किशोर अवस्थाका समस्या र समाधानका उपायहरु<br>- किशोरा अवस्थाको परिचय दिने, विद्यार्थीहरुलाई आफु किशोरा अवस्थामा रहेको यकिन गराउने ।<br>- आफ्नो घर छिमेकमा भएका दाइ दिदीहरुमा के कस्ता शारीरिक, सामाजिक र मनोवैज्ञानिक परिवर्तनहरु देखा परेका छन् सो कुरा टिप्न लगाउने ।<br>- आफुमा पनि परिवर्तनहरु आए नआएको बारे सोध्ने । | - चित्र, पोष्टर, भिडियो आदि । | - किशोरा अवस्थामा देखा पर्ने सामाजिक समस्याहरु उल्लेख गरी समाधानका उपायहरुको खोजी गर्नुहोस् । | |

| क्र.सं | क्षेत्र | विषय वस्तु | सिकाइ उपलब्धि | सम्भावित शिक्षण क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | - यस अवस्थाका बालबालिकामा देखा पर्ने समस्याहरु छलफल गराई समाधानका उपायहरु समेत स्पस्ट पारिदिने । | | | |
| ७. | खुशीको संसार | • क्रिकेट खेलको नियम<br>• कोर्ट निर्माण<br>• योगको परिचय | • क्रिकेट खेलको सामान्य परिचय दिन ।<br>• योग अभ्यास गर्न । | • क्रिकेट खेलका लागि आवश्यक सामग्रीहरुको पोस्टर प्रदर्शन गर्दै खेलको बारेमा छलफल गराउने खेल खेलाउने आदि ।<br>• योग अभ्यासको भिडियो प्रदर्शन गरी आफु पनि गर्ने र विद्यार्थीलाई गर्न लगाउने ।<br>• स्थानीय योग गुरु बोलाई कक्षा सञ्चालन गर्ने । | • खेल सम्बन्धी भिडियो । खेल सम्बन्धी लेखिएका पोस्टरहरु, ब्याग, बल, हेलमेट, विकेट ब्याट, ग्लोब्स, आदि ।<br>• योग सम्बन्धी विभिन्न भिडियो, चार्ट, पोस्टर | सिर्जनात्मक कार्य गर्नुहोस् ।कक्षा सञ्चालन हुनु भन्दा पहिले ध्यान गर्न लगाउने, क्रियाकलाप गर्नुहोस् । योगका बारमो छोटकरीमा लेख्नुहोस् । | १४ |

## कक्षा ७

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हामी र हाम्रो गोदावरी | **भौगोलिक अवस्था**<br>● गोदावरी नगरपालिकाको नक्सामा संकेत सहित महत्वपूर्ण स्थानहरु,<br>● नगरपालिकाको सिमाना र मुख्य नाकाहरु,<br>● कैलाली जिल्लाका अन्य पालिकाका सापेक्षतामा गोदावरी नगरपालिका | ● गोदावरी नगरपालिकाको नक्सामा महत्वपूर्ण स्थान देखाउन,<br>● गोदावरी नगरपालिकाका सिमाना र मूख्य मूख्य नाकाको महत्व बताउन,<br>● गोदावरी नगरपालिकाको वडागत सिमानाको नाम भन्न, | ● विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी गोदावरी नगरपालिकाको नक्सा हेरी नक्सा कोर्न लगाउने र महत्वपूर्ण ठाँउहरु भर्न लगाउने,<br>● नगरपालिकाको पूर्वमा गौरीगंगा, पश्चिममा मोहना नदी, उत्तरमा चुरे पर्वत श्रृंखला र दक्षिणमा धनगढी नगरपालिको सिमाना भएको सूची टाँस गर्न लगाउने,<br>● समूह विभाजन गरी छलफल प्रश्नोत्तर गर्दै कैलाली  जिल्लाका अन्य पालिका र गोदावरी नगरपालिकाबीच पाइने भिन्नता र समानता छुट्याउन लगाउने, | | ● गोदवरी नगरपाीलकको नक्सामा ठाउँ संकेत गर्न लगाएर,<br>● गोदावरी नगरपालिकाका चार सिमाना भन्न लगाएर,<br>● कैलाली जिल्लाका अन्य पालिका र गोदावरी नगरपालिकाका बीच समानता र भिन्नता भन्न लगाएर, | २३ |
| | | स्थानीय सरकार :<br>● नगरपालिकाको न्यायिक समितिको परिचय<br>● विषयगत समितिको नाम र परिचय, | ● नगर स्तरीय न्यायिक समितिको परिचय दिन,<br>● विषयगत समितिको सूची बनाउन र गठन प्रक्रिया उल्लेख गर्न, | ● नगरपालिकाको न्यायिक समिति तीन सदस्यीय हुन्छ भनी जानकारी दिने र सो कुरा टिप्न लगाउने,<br>● न्यायिक समितिमा आवश्यकता अनुसार कानुनी सल्लाहकार र न्यायिक शाखाका कर्मचारी सहयोगीका रुपमा रहने कुरा स्पष्ट पारि दिने,<br>● विषय समिति अन्तर्गत आर्थिक विकास समिति, सामाजिक विकास समिति र सुशासन तथा संस्थागत विकास समिति कार्यपालिकाबाट गठन हुन्छन् भनी स्पष्ट पारि दिने, | | ● नगरपालिकाको न्यायिक समितिको परिचय दिन लगाएर,<br>● न्यायिक समितिको गठन प्रक्रिया भन्न लगाएर,<br>● विषय समितिको नाम भन्न वा लेख्न लगाएर, | |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | • यी समितिसँगै नगरसभाबाट गठित समितिबारे छलफल गरी टिप्न लगाउने, | | | |
| | | **विकासका पूर्वाधार :**<br>• प्राविधिक विषय पढाइ हुने विद्यालय र विषय,<br>• सुदूरपश्चिम विश्व विद्यालयमा पढाइ हुने प्राविधिक विषय<br>• खानेपानीका विभिन्न स्रोत,<br>• विद्युत वितरणको अवस्था<br>• वैकल्पिक ऊर्जाका स्रोतको प्रयोग, | • प्राविधिक विषय पढाइ हुने विद्यालयको नाम र पढाइ हुने विषयको नाम भन्न,<br>• विज्ञान विषय पढाइ हुने विद्यालयको नाम भन्न,<br>• नगरपालिकाभित्रको विद्युत वितरणको अवस्था र वैकल्पिक उर्जा बारे बयान गर्न, | • हाम्रो गोदावरी नगरपालिकामा कुन कुन प्राविधिक विषयको पठनपाठन हुन्छ भनी प्रश्न गर्ने,<br>• शिक्षकको सहजीकरणमा इन्जिनियरिङ, वन विज्ञान,कृषि विज्ञान, इन्जिनियरिङ, होटेल मेनेजमेण्ट, कम्प्युटर इन्जिनियरिङ आदि विषयको सेतोपाटीमा सूची बनाई विद्यार्थीलाई टिप्न लगाउने,<br>• सुदूरपश्चिम विश्वविद्यालयमा पढाइ हुने प्राविधिक विषयका बारेमा जानकारी लिन छोटो अवधिको भ्रमण गराई विद्यार्थीलाई समूहगत रुपमा कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• आफ्नो टोल छिमेकमा प्रयोग हुने खानेपानीको स्रोतका बारेमा छलफल गराई त्यसको सूची बनाई प्रस्तुत गर्न लगाउने,<br>• गोदावरी नगरपालिकाको कुन कुन वडामा विद्युतको प्रसारण लाइन विस्तार भएको छ भनी छलफल प्रश्नोत्तर गर्दै विद्युत नपुगेका ठाँउको सूची बनाउन लगाउने,<br>• विद्युतको वैकल्पिक स्रोतका रुपमा कुन कुन स्रोत प्रयोग गरिएको छ | | • गोदावरी नगरपालिकामा अध्यापन गरिने प्राविधिक विषयको सूची बनाउन लगाएर,<br>• खानेपानीका प्रमुख स्रोतको सूची बनाउन लगाएर,<br>• गोदावरीमा विद्युतको वडागत वितरण अवस्था भन्न लगाएर,<br>• विद्युतको विकल्पमा कुन कुन ऊर्जाका स्रोत प्रयोग गर्ने गरिएको छ भनी सूची बनाउन लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | भन्ने बारे अभिभावक वा समुदायका जानकारसित सोधी कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने,<br>● गोदावरीमा सौर्य उर्जा, गोबर ग्यास, लघुविद्युत, वैकल्पिक ऊर्जाका रुपमा प्रयोग हुने गरेकाको सूची प्रदर्शन गरी टिप्न लगाउने, | | | |
| | | **हाम्रा समाजसेवी**<br>● शिक्षा क्षेत्रमा योगदान दिने समाजसेवी,<br>● सामाजिक क्षेत्रमा योगदान पुर्‍याउने समाजसेवीको योगदान,<br>● असलकाम गर्ने समाजसेवीका कार्यहरु, | ● नगरपालिकाभित्रका समाजसेवीका योगदान बारे भन्न,<br>● समाजसेवीले गर्ने असल कार्यको सूची बनाउन, | ● आफू बसेको समुदायका शिक्षा क्षेत्रमा योगदान दिने व्यक्तिहरुका बारेमा छलफल र प्रश्नोत्तर गर्न लगाई निष्कर्षबाट आएका व्यक्तिहरुको सूची बनाउन लगाउने,<br>● सामाजिक क्षेत्रमा योगदान दिने व्यक्तिहरुले के कस्ता योगदान दिएका छन् भन्नेबारे समूहमा छलफल गरी सोको सूची बनाई प्रस्तुत गर्न लगाउने, | | ● आफू बसेको समुदायमा रहेका शिक्षाप्रेमी व्यक्तिहरुको सूची बनाउन लगाएर,<br>● नगरपालिका भित्रका समाजसेवीहरुको सूची बनाउन लगाएर,<br>● समाजसेवीका राम्रा कामहरुको सूची बनाउन लगाएर, | |
| | | **विकासमा देखा परेका सामाजिक समस्या र चुनौतीहरु :**<br>● लागु पदार्थ दुर्व्यसनका कारण, असर र | ● जातीय छुवाछुतका कारण उल्लेख गर्न,<br>● छोराछोरी बीच हुने लैङ्गिक भेदभावका विभिन्न उदाहरणहरु भन्न, | ● समूहमा छलफल गर्न लगाई मानिस दुर्व्यसनमा के कारणले लाग्छन् भनी सोध्ने र निष्कर्षका रुपमा बुँदागत प्रस्तुती गर्न लगाउने,<br>● विभिन्न तस्विर, पोस्टर, भिडियो | | ● लागू पदार्थ दुर्व्यसनका कारण सोधेर,<br>● दुर्व्यसनले व्यक्ति र परिवानरमा के के असर गर्दछ भनी | |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | न्युनीकरणका उपायहरु,<br>• छोराछोरीका बीच हुने लैङ्गिक भेदभाव र असर तथा न्युनीकरणका उपायहरु, | • छोराछोरी बीच देखिने लैङिगक विभेदभावका कारण उत्पन्न हुने समस्याको सूची बनाउन,<br>• बोक्सी, धामी, भ्फांक्री परम्पराबाट पर्न गएको पारिवारिक, सामाजिक असरको सूची बनाई कक्षामा प्रस्तुत गर्न,<br>• बोक्सी, धामी, भ्फांक्री जस्ता कुराहरुलाई न्यूनीकरण गर्ने उपायहरु भन्न, | प्रदर्शन गरी यसबाट व्यक्ति,परिवारमा के के असर पर्न जान्छ भनी टिपोट गरी प्रस्तुत गर्नलगाउने,<br>• दुर्व्यसनीलाई कसरी सुधार गर्न सकिन्छ भनी छलफल गराई यसको न्युनीकरणका उपयुक्त उपाय बुँदागत रुपमा तयार गरी प्रस्तुत गर्न लगाउने,<br>• छोराछोरीबीच कसरी भेदभाव हुन्छ भनी छलफल गराउने र उनीहरुले भनेका कुरालाई सेतोपाटीमा टिप्दै जाने । भेदभाव गर्नुका कारण टिप्न लगाउने,<br>• शिक्षकले उपयुक्त किसिमका भिडियो वा अडियो सामग्री प्रस्तुत गरी लैङ्गिक असमनानताका कारण तथा असर बताउदै न्यूनीकरणका उपाय भन्न लगाउने,<br>• विद्यार्थीको घर, परिवार,छरछिमेक वा समुदायमा छोराछोरी बीच विभेद छ कि भनी सोधेर भन्न लगाउने,<br>• यस्ता विभेद हटाउन सम्बन्धित परिवारमा परामर्श गरेर सचेतना कार्यक्रम, र्‍याली, सडक नाटक, सञ्चार माध्यमबाट प्रचार प्रसार | | भन्न लगाएर ,<br>• लागु पदार्थ दुर्व्यसनका न्यूनीकरणका उपाय भन्न लगाएर,<br>• छोराछोरीका बीच लैङ्गिक विभेद कुन कुन तरिकाले हुन्छ भनी बुदाँगत रुपमा भन्न लगाएर,<br>• के कस्ता उपायबाट लैङ्गिक विभेद घटाउन सकिन्छ भनी भन्न लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | गरेर न्यून गर्न सकिन्छ भनी शिक्षकले तयार पारी ल्याएको सूची टाँस गरी टिपोट गर्न लगाउने, | | | |
| २ | हाम्रो सम्पदा | गोदावरी नगरपालिकाका पर्यटकीय स्थलहरूका विशेषता :<br>● गोदावरी तीर्थस्थल,<br>● वनदेवी मन्दिर<br>● नायल ताल<br>● भल्का ताल<br>● लामी ताल<br>● ग्वासी समैजी मन्दिर,<br>● मष्टाबण्डाली मन्दिर, | ● गोदावरी नगरभित्रका पर्यटकीय स्थलहरुको विशेषता र महत्व भन्न, | ● गोदावरी नगरपालिकाका पर्यटकीय स्थलहरूका बारेमा विद्यार्थीहरूको अनुभव आदान प्रदान साटासाट गराउने,<br>● दिइएका पर्यटकीय स्थलहरूको विशेषताका बारेमा गुगल प्रयोग गरी खोज तथा अनुसन्धान विधिको प्रयोग गरेर समूह सिकाइ गर्ने,<br>● पर्यटकीय स्थलको पहिचान गर्न सामूहिक परियोजना कार्य र प्रस्तुति गर्न लगाउने, | | ● पर्यटन स्थलहरूका विशेषता भन्न लगाएर,<br>● यी क्षेत्रको महत्वको वर्णन गर्न लगाएर, | २३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | हाम्रा जल सम्पदा :<br>● नदीनाला, जलाधार क्षेत्र, मूल, सिमसार,<br>● हाम्रा जल सम्पदाको विशेषता,<br>● हाम्रा जल सम्पदाको संरक्षण, | ● गोदावरी नगरभित्रका खोलानाला, जलाधार क्षेत्र, मूल सिमसारको महत्व र संरक्षणको आवश्यकता बारे जानकारी गराउन, | ● जल सम्पदाको चित्र, पोस्टर, स्लाइड, भिडियो प्रर्दशन गर्ने,<br>● जल सम्पदाको अर्थ, परिभाषा र प्रकारबारे छलफल गराउने,<br>● हाम्रो जलसम्पदाको विशेषता, महत्व र संरक्षणमा समूह कार्य गराउने,<br>● स्थानीय पानीको स्रोत सरसफाइ कार्यक्रमको आयोजना र सञ्चालनमा सहभागी गराउने, | | ● जल सम्पदाको परिभाषा र उदाहरण सोधेर,<br>● हाजिरी जवाफ गर्न लगाएर,<br>● आवश्यकता तथा महत्वबारे छलफल गर्न लगाएर,<br>● स्थानीय पानीको अध्ययन गर्न लगाएर, | |
| | | हाम्रा मानव सम्पदा :<br>● गोदावरी नगरपालिकाका ख्याति प्राप्त व्यक्तित्वहरूको सङ्क्षिप्त जीवनी र योगदान, | ● गोदावरी नगरभित्रका राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरुको संक्षिप्त जीवनी र योगदान बारे भन्न, | ● प्रश्नोत्तर विधिको प्रयोग गरी विविध क्षेत्रमा ख्याति प्राप्त व्यक्तित्वहरूको प्रोफाइलको प्रस्तुति र छलफल गराउने,<br>● गोदावरी नगरपालिकाभित्रका ख्याति प्राप्त व्यक्तिहरूलाई स्रोत शिक्षकको रूपमा आमन्त्रण गरी विद्यार्थीसंग अन्तक्रिया गराउने, | | ● गोदावरी नगरपालिकालाई देशभरी चिनाउने व्यक्तिको नाम तथा काम जोडा मिलाउन लगाएर,<br>● गोदावरी नगरपालिकाका राष्टिय स्तरमा ख्याति प्राप्त व्यक्तिको प्रोफाइल बनाउन लगाएर,<br>● राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यक्तिको जीवनी सुनाउन लगाएर, | |

| क. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | हाम्रा हस्तकला :<br>• हाम्रा स्थानीय हस्तकलाका प्रकार,<br>• हाम्रा हस्तकलाका विशेषता,<br>• हाम्रा हस्तकलाको महत्व, | • गोदावरी नगरभित्रका हस्तकलाहरुको विशेषता र यिनीहरुको महत्व उल्लेख गर्न, | • हस्तकलाका सामग्रीको सूची प्रदर्शन, वर्गीकरण गर्न लगाउने,<br>• प्रत्येक वर्गका हस्तकलाका विशेषता समूहमा छलफल गराउने, | | • विभिन्न हस्तकलाका सामग्रीका चित्र देखाई तिनीहरूको नाम विशेषता र प्रयोग भन्न लगाएर, | |
| | | **समृद्धि उन्मुख गोदावरी :**<br>• सुदूरपश्चिम प्रदेशको राजधानीको रूपमा गोदावरी,<br>• विगतको, हालको र भविष्यको गोदावरी<br>• गोदावरी नगरपालिको समृद्धि र विकासमा नगरवासीको भूमिका | • गोदावरी नगरको वृद्धि र विकासमा नगरवासीको भूमिका उल्लेख गर्न, | • गोदावरी नगरपालिकाका विद्यमान भौतिक पूर्वाधारहरूमा छलफल( यातायात,सञ्चार,स्वास्थ्य,शिक्षा, पानी,विद्युत,कृषि) गराउने,<br>• गोदावरी नगरपालिकाको प्रस्तावित गुरुयोजनाको मुख्य विशेषताको अध्ययन ( जोडीमा पढाइ र जोडीमा साराशं विधि) भविष्यको गोदावरी नगरपालिकाको परिकल्पना गरी शब्दचित्र निर्माण गर्न लगाउने,<br>• गोदावरी नगरपालिकाको समृद्धि र विकासमा नगरवासीको भूमिका बारे वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने, | | • विषयगत प्रश्न सोधेर,<br>• बोर्डतिर दौड्ने खेल खेलाएर,<br>• निबन्ध लेख्न लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | **गोदावरी नगरपालिका र जातीय विविधता**<br>• जातीय विविधताका बीच खस जाति, खस भाषा र खस संस्कृति<br>• गोदावरी नगरपालिकाको जातीय एकता, विकास र समृद्धि | • खस जाति र थारुजाति, भाषासंस्कृतिको परिचय दिन, | • खसान क्षेत्र, खस भाषा, खस संस्कृतिको उत्पत्ति बारे अतिथि संस्कृतिविद्द्वारा प्रस्तुति ,<br>• गोदावरी नगरपालिकामा खस संस्कृतिको प्रभाव र जातीय एकता निर्माणमा विभिन्न जातजातिको भूमिका बारे समूहमा छलफल गराउने, | | • खस जाति र भाषाको उत्पत्ति र विकास तथा वर्तमान अवस्था वर्णन गर्न लगाएर,<br>• गोदावरी नगरपालिकाको समृद्धि र विकासमा स्थानीय जनजातिको भूमिका लेख्न लगाएर, | |
| ३. | स्थानीय पेशा, व्यवसाय र प्रविधि | व्यापार | स्थानीय बजारको परिचय दिन, आवश्यकता बताउन र उत्पादित बस्तुको बजारीकरण गर्न । | • विद्यार्थीहरुलाई व्यापारको परिचय दिने ।<br>• स्थानीय स्तरमा उपलब्ध भएको बजारबारे सोध्ने । उक्त बजारमा हुने क्रियाकलापहरु जस्तैः सामान खरिद, बार्गेनिङ, बिक्री, घाटा, नाफा बारे भन्न लगाउने ।<br>• घरमा उत्पादित वस्तुहरु जस्तैः तरकारी दूध आदि कसरी विक्री गर्न सकिन्छ भन्ने बारे छलफल गर्न लगाउने । | | • स्थानीय स्तरमा बजारको महत्व बुँदागत रुपमा लेख्नुहोस् । | १८ |

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | उद्योग | आर्थिक-सामाजिक विकासमा स्थानीय उद्योगहरुको योगदान बारे वर्णन गर्न । | ● गोदावरी नगरपालिका भित्र रहेको विभिन्न किसिमका उद्योगहरुको सूची प्रदर्शन गर्ने ।<br>● उक्त सूचीका अन्य उद्योगहरु थप गर्नुपर्ने भए थप्न लगाउने ।<br>● नगरपालिकाको आर्थिक, सामाजिक विकासमा ती उद्योगहरुले पुऱ्याएको र पुऱ्याउन सक्ने योगदानको जानकारी दिने । | | ● हाम्रो समाजको आर्थिक, सामाजिक विकासमा उद्योगहरुको भूमिका के के हुन सक्छ ? लेख्नुहोस् । | |
| | | ● व्यवसाय | ● पुराना र स्थानीय प्रविधिमा आधारित सामग्रीहरुको परिचय दिन र प्रयोग गरेर देखाउन । | ● स्थानीय परम्परागत प्रविधि (ढिकी, जाँतो, ओखल, पानीघाट, उखु पेल्ने कोल, तेलको मिल लगायत) सञ्चालन भएको ठाउँमा लगि अवलोकन गराउने र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने।<br>● पुराना प्रविधि, ढिकी, जाँतो, ओखल, पानीघाट, काठको भऱ्याङ, उखु पेल्ने कोल, तेलको मिल, काठको भाँडा बनाउने । | | ● आफ्नो घर/विद्यालय नजिक पाइने स्थानीय परम्परागत प्रविधिमा आधारित सामग्रीहरुको नाम टिपोट गरी त्यसको प्रयोगबारे लेख्ने लगाउने । | |
| ४ | सरसफाइ र फोहोर व्यवस्थापन | व्यक्तिगत सरसफाइ | सेनेटरी प्याडको सही प्रयोग गर्ने तरिका बताउन । | - कक्षाकोठामा एउटा सेनेटरी प्याड प्रदर्शन गर्ने<br>- उक्त प्याड प्रयोग गर्नुको कारण सोध्ने ।<br>- सेनेटरी प्याड प्रयोग गर्ने २ जना छात्रालाई यसको प्रयोग गर्ने तरिका बारे भन्न लगाउने ।<br>- कुनै महिला शिक्षकलाई यो कार्यमा | | | १८ |

| क.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | सहजिकरणका लागी बोलाउने । | | | |
| | | वातावरणीय सरसफाइ | घर तथा वातावरणीय सरसफाइमा सहभागी हुन । | - आफ्नो कक्षाकोठा, घर र वातारण सफा राख्ने क्रियाकलाप भएका भिडियो र चित्रहरु देखाउने ।<br>- घर र वातावरणीय सरसफाईका लागि गर्न सकिने क्रियाकलापहरु बारे छलफल गर्न लगाउने | | | |
| | | फोहोर व्यवस्थापन | फोहोर व्यवस्थापनका विभिन्न तरिकाहरु बताउन । | - फोहोरको परिचय दिने ।<br>- घर विद्यालय र वातावरणमा हुने फोहोरको सूची बनाउन लगाउने ।<br>- फोहोरहरुलाई व्यवस्थापन गर्ने विभिन्न तरिकाहरु भएको चार्ट देखाउने । जस्तै :- फोहोर सडाएर मल बनाउने, पुनः प्रयोग गर्ने, खाल्डोमा पुर्ने आदि । | | | |
| ५ | हाम्रा सामाजिक समस्या | आफ्नो समूदाय भित्र रहेको लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधसंग सम्वन्धित घटनाहरु<br><br>लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधले समाजमा सिर्जना | क) गोदावरी नगरपालिका भित्र रहेका सामाजिक समस्याहरु मध्ये लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधको वारेमा जानकारी लिन<br>ख. लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधले समाजमा पारेको असरको वारेमा परिचित हुन<br>ग.लागुपदार्थ दुर्व्यशन र विद्युतीय अपराधको | क. शिक्षकले विद्यार्थीहरुलाई उनीहरुको समुदायमा कुनै लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधसंग सम्वधित क्रियाकलापहरु पत्ता लगाउन सार्न्दभिक प्रश्नहरु सोध्ने ।<br>ख. विद्यार्थीहरुले लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधको अर्थको वारेमा स्पष्ट हुन नसकेमा शिक्षकले उनीहरुलाइ लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराधको कानुनी अर्थ वताउने ।<br>लागुपर्दार्थ दुर्व्यशन भन्नाले मानिसको चेतना, अनुभूति र मनोभावलाई | क.सान्दर्भिक चित्रहरु | १. विद्यार्थीहरुलाई निम्न प्रश्नहरु सोधी शैक्षणिक क्रियाकलापको मुल्याङ्कन गर्ने ।<br>क.लागु पर्दाथ दुर्व्यशन भन्नोले के बुझ्नु हुन्छ ?<br>ख तपाइको समुदायमा लागु पर्दाथ दुर्व्यश्नीहरु छन की छैनन् ।<br>ग. विद्युतीय अपराध भन्नाले के बुझ्नु हुन्छ ?<br>घ. विद्युतीय अपराधवाट वच्न के गर्नु पर्ला ? | १८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | गरेको सामाजिक अवस्था<br><br>लागु पदार्थ दुर्व्यशन र विद्युतीय अपराध हुनाको मुख्य कारणहरु शिक्षा, जनचेतना, संचारको अभाव र विद्युतीय उपकरणको दुरुपयोग | कारण पत्ता लगाउन । | प्रभावित पारी बुझ्ने, सम्झने र सोच्ने शक्तिलाई विकृत तुल्याउने पदार्थलाई लागु पदार्थ भनिन्छ भने कुनै कारणले लागु पर्दाथ प्रयोग गरेर बानी परी छाड्न नसक्ने अवस्थामा पुग्नु नै लागु पदार्थ दुर्व्यशन भनिन्छ ।<br>ग. विद्युतीय अपराध भन्नाले विद्युतीय उपकारण मार्फत कुनै व्यक्तिलाई गालीगलौच मानमर्दन हुने गरी शाव्दिक वा चित्रद्धारा सम्प्रेषण गर्ने कार्यलाई जनाउछ । | | | |
| ६. | हाम्रो सुरक्षा | सडक सुरक्षा | ट्राफिक नियमबारे भन्न । | - ट्राफिक नियमहरुबारे विद्यार्थीहरुलाई पूर्व प्रश्नहरु गर्ने ।<br>- विद्यार्थीहरुले जानेका नियमहरु भन्न लगाउने ।<br>- सम्भव भएमा ट्राफिक प्रहरीलाई कक्षाकोठामा आमन्त्रण गरी ट्राफिक नियमबारे जानकारी दिन लगाउने । | | | १४ |
| | | घरायसी सुरक्षा | घर वा खेतबारीमा काम गर्दा घट्न सक्ने दुर्घटनाहरुको सूची बनाउन । | - विद्यार्थीहरुलाई बेन्च अनुसारको समुहमा विभाजन गर्ने ।<br>- प्रत्येक समूहलाई अहिलेसम्म घर वा खेतबारीमा काम गर्दा आफूलाई परेको वा आफूले देखे सुनेका दुर्घटनाहरुको सूची बनाउन लगाउने ।<br>- प्रत्येक समूहले बनाएको सूचीबाट नछुट्ने र नदोहोरिने गरी दुर्घटनाको | | | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | अन्तिम सूची बनाउन लगाउने ।<br>-ती दुर्घटनाका कारणहरुबारे छलफल गर्न लगाउने । | | | |
| | | विद्युतीय सुरक्षा | विद्युतीय सामग्रीहरुबाट उत्पन्न हुन सक्ने खतराहरु बताउन । | - विद्यार्थीहरुलाई उनीहरुले देखे सुनेका वा आफैँले भोगेका विद्युत सम्बन्धी खतराहरुबारे भन्न लगाउने ।<br>- बिजुली सम्बन्धी अनुभव भएको व्यक्तिलाई कक्षाकोठामा बोलाई घर र विद्यालयमा प्रयोग हुने विद्युतीय सामग्रीहरुबाट के-कसरी खतरा उत्पन्न हुन सक्छ वर्णन गर्न लगाउने । | | | |
| ७. | खुशीको संसार | • चेस खेल<br>• जानुशी राशन<br>• पादहस्तासन<br>• त्रिकोणासन<br>• मयूरासन<br>• शीर्षासन | • चेस खेल खेल्न<br><br>उल्लेखित ५ प्रकारका योगहरुको परिचय दिन ।<br>• जानुशी राशन<br>• पादहस्तासन<br>• त्रिकोणासन<br>• मयूरासन<br>• शीर्षासन | • चेसको नियम बताउँदै खेल्न लगाउने<br>• शिक्षकले योगासनका ५ प्रकार मध्ये जानुशी रासनलाई कक्षामा सबै विद्यार्थीहरुले सुन्न सक्ने गरी उच्चारण गर्दै बोर्डमा चित्र सहित लेखि दिने र यसको चिनारी प्रस्ट पार्ने, विद्यार्थीहरुलाई यसरी प्रस्तुत ४ योगासनहरुको क्रमिक रुपमा मौखिक, लिखित र चित्रात्मक परिचय र अभ्यास गराउने । | | • खेललाई प्रतियोगिताको रुपमा सञ्चालन गरी अवलोकन गर्ने ।<br>• चेस खेलका नियमहरु लेख्नुहोस् ।<br>• पाँच वटा योगासनको नाम लेख्नुहोस् ।<br>• शीर्षासनलाई सचित्र स्पष्ट पार्नुहोस् । | १४ |

## कक्षा ८

| क्र.सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | हामी र हाम्रो गोदावरी | **भौगोलिक अवस्था**<br>● सङ्केत सहितको सुदूरपश्चिम प्रदेशको नक्सा र महत्वपूर्ण ठाँउहरु,<br>● नगरपालिकाको सिमाना र मुख्य नाकाहरु,<br>● सुदूरपश्चिम प्रदेशको राजधानीका रुपमा गोदावरी नगरपालिका, | ● गोदावरी नगरपालिकाको भौगोलिक र राजनीतिक विभाजन बारे भन्न, | ● विद्यार्थीहरुलाई विभिन्न समूहमा विभाजन गरी नेपालको नक्सा देखाउँदै सुदूरपश्चिम प्रदेश छुट्याउन लगाउने,<br>● सुदूरपश्चिम प्रदेशमा गोदावरी नगरपालिकाको नक्सा देखाउँदै यसको अक्षाशं देशान्तर छुट्टयाउन लगाउने,<br>● नगरपालिकको पूर्वमा गौरीगंगा, पश्चिममा मोहना नदी, उत्तरमा चुरे पर्वत श्रृंखला र दक्षिणमा धनगढी नगरपालिको सिमाना भएको सूची टाँस गर्न लगाउने,<br>● गोदावरी नगरपालिकाका महत्वपूर्ण पर्यटकीय स्थलहरु : गोदावरी धाम, वनदेवी मन्दिर, नायल ताल, भल्का ताल, गोदावरी झोलुंगे पुल, आदि संकेत<br>● तपाईंहरुलाई हाम्रा नगरप्रमुख उपप्रमुखको नाम थाह छ भनी सोध्ने र उनीहरुले के के गर्छन् भनी छलफलमा सहभागी गराउने,<br>● सहभागीहरुलाई समूह विभाजन गरी नगरप्रमुख र उप प्रमुखका कार्यहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने,<br>● विषय समितिले सम्पादन गर्ने सामान्य कार्यहरु सम्बन्धित कार्य स्थल | | ● गोदावरी नगरपालिकको नक्सामा ठाँउ संकेत गर्न लगाएर,<br>● गोदावरीनगरपालिकाका चार सिमाना भन्न लगाएर,<br>● गोदावरी नगरपालिकाका महत्वपूर्ण कुनै पाँचओटा पर्यटकीय स्थलहरुको नाम भन्न लगाई सूची तयार गर्न लगाएर,<br>● सुदूरपश्चिम प्रदेशको राजधानीका रुपमा गोदावरी नगरपालिकाको बारेमा भन्न लगाएर, | २३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | नगरपालिकामा पुगी समितिका पदाधिकारी वा कर्मचारीबाट टिपोट गर्न लगाई परियोजना कार्यका रुपमा कक्षामा प्रस्तुत गर्न लगाउने, | | | |
| | | **स्थानीय सरकार :**<br>● नगर प्रमुख र उप प्रमुखका कार्यहरु,<br>● न्यायपालिका, कार्यपालिका, र व्यवस्थापिकाका कार्यहरु,<br>● विषयगत समितिका सामान्य कार्यहरु, | ● नगर प्रमुख र उपप्रमुखका कार्यहरु वर्णन गर्न,<br>● स्थानीय कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका काम, कर्तव्य, र अधिकारको सूचीकृत गर्न,<br>● नगर कार्यपालिकाका विभिन्न विषयगत समितिका सामान्य कार्यहरु उल्लेख गर्न, | ● तपाईंहरुलाई हाम्रा नगरप्रमुख उपप्रमुखको नाम थाह छ भनी सोध्ने र उनीहरुले के के गर्छन् भनी छलफलमा सहभागी गराउने,<br>● सहभागीहरुलाई समूह विभाजन गरी नगरप्रख र उप प्रमुखका कार्यहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने,<br>● विषय समितिले सम्पादन गर्ने सामान्य कार्यहरु सम्बन्धित कार्यस्थल नगरपालिकामा पुगी समितिका पदाधिकारी वा कर्मचारीबाट टिपोट गर्न लगाई परियोजना कार्यका रुपमा कक्षामा प्रस्तुत गर्न लगाउन | | ● नगर प्रमुख र उप प्रमुखका कार्यहरु भन्न लगाएर,<br>● विषयगत समितिका कार्यहरु उल्लेख गरिएको तालिका अवलोकन गरेर, | |
| | | **विकासका पूर्वाधार :**<br>● यातायातको वडागत पहुँचको अवस्था,<br>● गोदावरी नगरपालिकामा उपलब्ध सञ्चारका | ● यातायातका पंहुचले वडाको विकासमा पार्ने प्रभावको वर्णन गर्न,<br>● गोदावरी नगरभित्र सञ्चार सेवाको अवस्थाको बयान गर्न,<br>● गोदावरी नगरभित्र प्रयोगमा आएका | ● आफ्नो टोल छिमेक तथा वडामा सडकको अवस्था र यातायातका कुन कुन साधनको पहुँच छ भनी छलफल, प्रश्नोत्तर गरी पालैपालो भन्न लगाउने,<br>● सञ्चारका साधनहरुका बारेमा छलफल गर्न लगाई गोदावरी नगरपालिकाभित्र प्रयोगमा रहेका सञ्चारका साधनको सूची बनाउन लगाउने,<br>● आफ्नो टोलछिमेकमा इन्टरनेटको पहुँच के कस्तो छ भनी छलफल गर्न | | ● तपाईंको वडामा सडकको पहँच छ छैन र छ भने के कस्ता यातायातका साधन सञ्चालन हुन्छन् भनी उत्तर दिन लगाएर,<br>● नगरपालिकाभित्र कुन कुन सञ्चारका साधन प्रचलनमा छन् भनी भन्न लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | साधनको परिचय र अवस्था,<br>● इन्टरनेट वितरण र पहँचमा नेपाल सरकार, नेपाल टेलिकम र अन्य संस्थाको भूमिका, | सञ्चारका साधनहरु बारे भन्न,<br>● इन्टरनेटको वितरण र पहुंचमा नेपाल सरकार, नेपाल टेलिकम तथा अन्य संस्थाको भूमिका बारे वर्णन गर्न, | लगाई विद्यार्थीलाई भन्न लगाउने,<br>● नेपाल सरकार, नेपाल टेलिकम र अन्य निजी संस्थाले इन्टरनेट विस्तारमा के कस्तो भूमिका निर्वाह गरेका छन् भनी छलफल प्रश्नोत्तर गराई पालैपालो कुन कुन क्षेत्रबाट सेवा उपलब्ध गराउने के कस्तो भूमिका रहेको छ भन्न लगाउने,<br>● नेपाल सरकारले विद्यालयहरुलाई इन्टरनेट सेवाका लागि कम्प्युटर स्थापनाका लागि अनुदान दिने गरेको जानकारी दिने, | | ● कुन कुन संस्थाले इन्टरसेवा उपलब्ध गराएको भनी सूची बनाउन लगाएर,<br>● नेपाल सरकारले इन्टरनेट सेवा विस्तारमा के कस्तो सहयोग गरेको छ भनी भन्न लगाएर, | |
| | | **हाम्रा समाजसेवी**<br>● सामाज सेवाको क्षेत्रमा योगदान पुर्‍याउने व्यक्ति,<br>● असल काम गर्ने समावसेवीका कार्यहरु, | ● नगरपालिकाभित्रका समाजसेवीहरुको व्यक्तित्व वर्णन गर्न,<br>● समाजसेवीबाट अनुकरण गर्न लायक कार्यको सूची बनाउन, | ● आफू बसेको समुदायमा समाजसेवामा योगदान पुर्‍याएका व्यक्तिहरु को को छन् भनी छलफल र प्रश्नोत्तर गराउने, उनीहरुले जाने बुझेका व्यक्तिहरुका नाम टिपी भन्न लगाउने,<br>● वडा र आफ्नो विद्यालयमा योगदान पुर्‍याएका व्यक्तिहरुको सूची बनाउन लगाउने,<br>● वर्तमान समयमा उपलब्ध समाजसेवीलाई आमन्त्रण गरी विद्यार्थीसित अन्तक्रिया गराउने र आफूले सिक्न सकिने कुरा टिप्न लगाउने,<br>● अन्तक्रियापछि उनीहरुबाट सिक्न सकिने कुराहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने, | | ● स्थानीय समाजसेवीहरुको सूची बनाउन लगाएर,<br>● समाजसेवीले गरेका राम्रा कामहरु भन्न वा  सूची बनाउन लगाएर,<br>● समाजसेवीहरुले आफू बसेको समुदायमा के के राम्रो काम गरे भनी भन्न लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | **समाजमा देखा परेका समस्या र चुनौतिहरु :**<br>● बौद्धिकपलायन, कारण, समस्या र न्यूनीकरणका उपाय,<br>● दाइजो प्रथा कारण, असर र न्यूनीकरणका उपायहरु,<br>● भ्रष्टाचारका कारण, यसले समाजमा पार्ने नकारात्मक असर र न्यूनीकरणमा विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको भूमिका | ● बौद्धिक पलायनको अर्थ,कारण यसबाट उत्पन्न हुने समस्या र न्यूनीकरणका उपायहरु भन्न,<br>● दाइजो प्रथा र यसको निराकणका उपायको सूची बनाउन,<br>● भ्रष्टाचारका कारण र त्यसले पारेको असर बारे भन्न,<br>● समूहमा छलफल गरी भ्रष्टाचार न्यूनीकरणका उपायहरु प्रस्तूत गर्न,<br>● आफ्नै समूदायभित्र हूने छुवाछूतको अवस्था अध्ययन गरी प्रतिवेदनका रुपमा कक्षामा प्रस्तुत गर्न, | ● बौद्धिक पलायनको अर्थ स्पष्ट पार्दै आआफ्नो समुदायबाट स्वदेशका अन्य ठाँउ वा विदेशमा बसाइ सरी कोही गएका छन् कि छैनन् भनी छलफल गर्न लगाउने र त्यसरी गएका उच्च शिक्षा वा ज्ञान भएका व्यक्तिको सूची बनाउन लगाउने,<br>● बौद्धिक पलायनका कारण र त्यसबाट सिर्जना हुने समस्या केके हुन सक्छन् भनी छलफल गरी कारण लेखी प्रस्तुत गर्न लगाउने,<br>● बौद्धिक पलायनको क्रमलाई रोक्न के गर्न सकिन्छ भनी परियोजना कार्य अन्तर्गत घर वा छिमेकका पाका मानिसहरुसँग सोधपुछ गरी कक्षामा प्रस्तुत गर्न लगाउने,<br>● दाइजो प्रथा के कारणले हुने गरेको छ र यसले समाजमा कस्तो असर पारेको छ भनी छलफल गराई समूहगत रुपमा कारण तथा असर प्रस्तुत गर्न लगाउने,<br>● दाइजो प्रथा न्यूनीकरणका लागि के गर्न सकिन्छ भनी विद्यार्थीलाई सोचेर लेख भनी कक्षा कार्य दिई उनीहरुका विचारलाई क्रमशः टिपी प्रस्तुत गरि दिने र आफूले तयार पारी ल्याएको उपायको सूची टाँस गरी सार्न लगाउने, | | ● बौद्धिक पलायन भनेको के हो भनी सोधेर,<br>● बौद्धिक पलायनका कारण सोधेर,<br>● बौद्धिक पलायन कसरी रोक्न सकिन्छ भनी सोधेर,<br>● दाइजो प्रथा के हो भनी सोधेर,<br>● दाइजो प्रथाले सिर्जना गरेका समस्या र यसको न्यूनीकरणका उपाय भन्न लगाएर,<br>● भ्रष्टाचार किन हुने गर्दछ भनी सोधेर,<br>● भ्रष्टाचारले उब्जाएका समस्या र यसका न्यूनीकरणका उपाय भन्न लगाएर,<br>● भ्रष्टाचार न्यूनीकरणका लागि क्रियाशील निकायको सूची बनाउन लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | • समाजमा भ्रष्टाचार हुनाका कारण केके हुन सक्छन् भनी विद्यार्थीलाई भन्न लगाउने र शिक्षकले आवश्यक भए कारण थप गरी समग्र बुदाँ प्रस्तुत गरी टिपोट गर्न लगाउने,<br>• भ्रष्टाचारले समाजमा पारेको असरबारे छलफल गर्न लगाई समाचार पत्रपत्रिकामा पढेका सुनेका आधारमा यसले पारेका असर बारे भन्न लगाउने,<br>• भ्रष्टाचार न्यूनीकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, जिल्ला प्रशासन कार्यालय, सुशासनका लागि गठित संघसंस्था लागि परेका र नागरिक समाज, विद्यार्थी, सर्वसाधारणले हरेक क्षेत्रका बेथितिलाई न्यूनीकरण गर्न सकिन्छ भनी बताइ दिने,<br>• भ्रष्टाचार गर्नेलाई कडाभन्दा कडा कानुनी कारबाही गरेर न्यूनीकरण गर्न सहज हुन्छ भनी छलफलमा सहभागी गराउने, | | | |
| २ | हाम्रो सम्पदा | **गोदावरी नगरपालिकाका पर्यटकीय स्थलहरू** :<br>• पर्यटकीय क्षेत्रहरूको | • गोदावरी नगरका पर्यटकीय स्थलहरुको संरक्षण संवर्धन र प्रवर्धनमा आफ्नो दायित्व वर्णन गर्न | • पर्यटकीय क्षेत्रको विद्यमान वस्तुस्थिति सम्बन्धमा अनुभवहरूको आदान प्रदान गर्ने,<br>• ती क्षेत्रहरूको संरक्षण संवर्धन, र प्रवर्धनको आवश्यकतामा छलफल गराउने, | | • पर्यटन क्षेत्रहरूको संरक्षण संवर्धन र प्रवर्धनको आवश्यकता भन्न लगाएर ,<br>• यी क्षेत्रहरूको | २३ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | संरक्षण र प्रवर्धन,<br>● पर्यटकीय क्षेत्र र हाम्रो दायित्व | र सहभागिता जनाउन, | ● पर्यटकीय क्षेत्रमा हुने प्रदूषण न्यूनीकरण सम्बन्धि वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने,<br>● (सरसफाइ, डस्टबिन स्थापना, जनचेतना मूलक कार्यक्रम सञ्चालन) | | संरक्षण संवर्धन र प्रवर्धनमा आफ्नो दायित्व लेख्न लगाएर,<br>● यी क्षेत्रहरूको संरक्षण संवर्धन र प्रवर्धनमा विद्यार्थीको सक्रियता अवलोकन गरेर, | |
| | | हाम्रा जल सम्पदा संरक्षण<br>● हाम्रा जल सम्पदाहरूको सदुपयोग र वर्तमान स्थिति,<br>● जल सम्पदाहरूको संरक्षण संवर्धन र प्रवर्धन, | ● गोदावरी नगरभित्रका खोलानाला, जलाधार क्षेत्रको संवर्धन तथा प्रवर्धनमा व्यक्ति, विद्यालय, समुदाय तथा स्थानीय तहको भूमिका स्पष्ट पार्न,<br>● गोदावरी नगरभित्रका खोलानाला, जलाधार क्षेत्रको सदुपयोग संवर्धन, प्रवर्धनमा सहभागिता जनाउन , | ● जल सम्पदाको विकास तथा संरक्षणको भिडियो, चित्र, पोष्टर, स्लाइड प्रदर्शन गर्न लगाउने,<br>● जल सम्पदाको संरक्षण, संवर्धन र प्रवर्धनका लागि व्यक्ति, विद्यालय, समुदाय तथा स्थानीयको भूमिका बारेमा समूह कार्य र प्रस्तुतीकरण गर्न लागाउने,<br>● स्थानीय निकायको समन्वयमा वृक्षारोपण, सरसफाइ, जनचेतना कार्यक्रमको आयोजना गर्ने, | | ● मौखिक प्रश्नोत्तर सोधेर,<br>● लिखित कार्य दिएर, कार्यक्रममा सक्रियता अवलोकन गरेर, | |
| | | हाम्रा मानव सम्पदा :<br>● गोदावरी नगरपालिकाका अन्तराष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वहरूको सङ्क्षिप्त | ● गोदावरी नगरपालिकाभित्रका अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वबारे भन्न, | ● गुगलमा गोदावरी नगरपालिकालाई चिनाउने ख्याति प्राप्त अन्तराष्ट्रिय व्यक्तित्वहरूको प्रोफाइलको प्रस्तुति गर्न लगाउने, | | ● गोदावरी नगरपालिकालाई संसारमा चिनाउने व्यक्तिको नाम तथा काम जोडा मिलाउन लगाएर,<br>● गोदावरी नगरपालिकाका | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | जीवनी र योगदान, | | | | अन्तराष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यक्तिहरूको प्रोफाइल बनाउन लगाएर,<br>● राष्ट्रिय स्तरमा ख्याति प्राप्त व्यक्तिको जीवनी सुनाउन लगाएर, | |
| | | हाम्रा हस्तकला :<br>● हाम्रा हस्तकलाको संरक्षण, संवर्धन र प्रवर्धन | ● गोदावरी नगरभित्रका हस्तकलाको संरक्षण, संवर्धन र प्रवर्धनमा सहभागी हुन, | ● हस्तकला सामग्रीको संरक्षणको आवश्यकता बारे छलफल गराउने,<br>● स्थानीय हस्तकलाको संरक्षण, संवर्धन, प्रवर्धनका उपायहरूको सूची तयार पारी समूह छलफल, प्रस्तुतीकरण गराई पृष्ठपोषण प्रदान गर्ने,<br>● हस्तकलाका सामग्री, चित्रहरूको सङ्कलन र प्रदर्शन गर्न लगाउने, | | ● गोदावरी नगरपालिकाका स्थानीय हस्तकलाका सामग्रीहरूको संरक्षणको आवश्यकताबारे बोल्न लगाएर,<br>● स्थानीय हस्तकलाको संरक्षण,सम्बर्धन र प्रवर्धनका उपायको सूची तयार पार्न लगाएर,<br>● स्थानीय हस्तकलाको संरक्षण, सम्बर्धन र प्रवर्धनमा विद्यार्थीको सक्रियता अवलोकन गरेर, | |
| | | हामी र समृद्ध गोदावरी :<br>● भविष्यको गोदावरी<br>● गोदावरी नगरपालिका | ● गोदावरी नगरपालिकाको विकास र उन्नतिमा आआफ्नो स्तरबाट अभियान | ● गोदावरी नगरपालिकाको प्रस्तावित गुरुयोजनाको मुख्य विशेषताको अध्ययन र भविष्यको गोदावरी नगरपालिकाको परिकल्पना निर्माण गर्न लगाउने,<br>● गोदावरी नगरपालिकाका विद्यामान | | ● 'समृद्ध गोदावरी नगरपालिका र हाम्रो भूमिका' शीर्षकमा निबन्ध लेख्न लगाएर,<br>● आफ्नो नगर विकासमा आफूले योगदान दिन | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | को समृद्धि र विकासमा हाम्रो भूमिका, | सञ्चालन गर्न तथा योगदान दिन, | विकासका पूर्वाधारमा रहेका समस्याको सूची निर्माण (समूह कार्य) गर्न लगाई समूहमा छलफल गराउने,<br>● आफ्नो स्थानीय स्तरको विकासका लागि दिएको ढाँचामा वडामार्फत नगरपालिकालाई पेस गर्ने मागपत्र तयार पार्न लगाउने,<br>● गोदावरी नगरपालिकाको समृद्धि र विकासमा नगरवासीको भूमिकाबारे वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने, | | सक्ने कुराको सूची भन्न लगाएर, | |
| | | गोदावरी नगरपालिका र जातीय विविधता : | ● गोदावरी नगरभित्रको जातीय अनेकतामा एकताको महत्व भन्न र यसको संरक्षणमा सहभागी हुन, | ● जातीय विविधताको पुनरावलोकन गर्न लगाउने,<br>● जातीय विविधताामा हाम्रो भूमिकाबारे समूहमा कार्य गर्न लगाउने,<br>● नगरभित्र रहेका जातीय समदायको वा होमस्टेको अवलोकन गरेर प्रतिवेदन लेख्ने परियोजना कार्य गर्न लगाउने,<br>● जातीय विविधताको संरक्षणका लागि विद्यालय, समुदाय र स्थानीय निकायलाई दिने सुझाव सङ्कलन गर्न लगाउने, | | ● गोदावरी नगरपालिकाको जातीय विविधताको संरक्षणमा विद्यार्थीको भूमिका उल्लेख गर्न लगाएर,<br>● परियोजना कार्यको स्तरीकरण गरेर,<br>● गोदावरी नगरपालिकाको जातीय विविधता संरक्षणमा विभिन्न पक्षलाई दिने सुझावको सूची बनाउन लगाएर, | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय पेशा, व्यवसाय र प्रविधि | स्थानीय र परम्परागत पेशा र प्रविधिको संरक्षण | • स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरु प्रस्तुत गर्न<br>• स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको प्रयोग गर्न । | • स्थानीय क्षेत्रमा पाईने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको सूची बनाउन लगाउने र उक्त सामग्रीहरुको जस्तैः हलो, जोत्न, नाङ्लो अन्न केलाउन, सुकाउन, मिल, अन्न पिस्न, तेलको प्रयोगबार छलफल गर्ने ।<br>• परम्परागत सामग्रीहरु जस्तैः हलो नाङ्लो र पानीघट्ट) बनाउने मानिसहरुसँग भेट गराई निर्माण प्रक्रिया अवलोकन गराउने ।<br>• स्थानीय परम्परागत पेशाको संरक्षणका उपायहरुको जानकारी दिने | • स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको सूची र तिनीहरुको उपयोग सम्बन्धी ब्रोसर, पोस्टर, भिडियो ।<br>• पेशा व्यवसायबाट मानिसलाई हुने फाइदाहरु बुझाउने चार्ट | • स्थानीय क्षेत्रमा पाइने परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको चित्र सहित सुची बताउन लगाउने ।<br>• स्थानीय क्षेत्रमा पाइने स्थानीय परम्परागत प्रविधिबाट निर्मित सामग्रीहरुको उपयोगबारे प्रश्नोत्तर गर्ने । | १८ |
| | | • पर्यटन | • आफ्नो नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको महत्व बताउन तथा पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धनमा विद्यार्थी, समुदाय र स्थानीय तहको भूमिका वर्णन गर्न । | • विद्यार्थीहरुलाई आफ्नो नगरपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको सूची बनाउन लगाउने ।<br>• भिडियो र चित्र देखाई थप पर्यटकीय स्थलहरुबारे जानकारी दिने ।<br>• स्थानीय पर्यटकीय स्थलको आर्थिक, ऐतिहासिक, साँस्कृतिक, सामाजिक, ज्ञान निर्माण लगायतका महत्वबारे छलफल गर्न लगाउने ।<br>• स्थानीय पर्यटन स्थलहरुको संरक्षण र सम्वर्द्धनमा विद्यार्थी, समुदाय र नगरपालिकाले खेल्न सक्ने भूमिका बारे वर्णन गर्ने ।<br>• पर्यटन सम्बन्धी स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको | | • पर्यटन स्थलहरु किन महत्वपूर्ण सम्पदा मानिन्छन् ? वर्णन गर्नुहोस् ।पर्यटन स्थलको संरक्षण विद्यार्थीको भूमिका के के हुन सक्छन् । | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | व्यवस्था बताउने । | | | |
| | | • व्यापार | • स्थानीय स्तरमा उत्पादित सामग्रीको बजारीकरण, बिक्री वितरण, भण्डारण प्रक्रियासँग परिचित भई, स्थानीय स्तरको बजार व्यवस्थापनमा स्थानीय तहले खेल्न सक्ने भूमिका बताउन । | • स्थानीय स्तरमा घर तथा उद्योगबाट उत्पादन हुने वस्तुहरुको सूची बनाउन लगाउने<br>• त्यस्ता सामग्रीहरुलाई भण्डारण, खरिद, विक्री गर्ने प्रक्रियाबारे छलफल गर्न लगाउने<br>• विद्यार्थी आफु वा आफ्नो परिवारको कुनै सदस्य त्यस्तो व्यापारमा संलग्न भएको, नभएको सोधी अनुभव भन्न लगाउने ।<br>• स्थानीय सरकार संचालनमा भएको व्यवस्था स्पष्ट पारिदिने, स्थानीय व्यापारसँग सम्बन्धित कानूनी कुराहरु जस्तैः नवीकरण, कर, आदि बारे स्पष्ट पारिदिने | | • स्थानीय स्तरको व्यापार व्यवस्थापनमा स्थानीय तहको भूमिका उल्लेख गर्नुहोस् । | |
| | | • उद्योग | • नगरविकासमा स्थानीय उद्योगहरुको योगदानको वर्णन गर्दै स्थानीय उद्योग विकासमा स्थानीय तहको भूमिका बताउन । | • गोदावरी नगरपालिका भित्र रहेका घरेलु, साना ठूला उद्योगहरुको सूची बनाउन, बताउने ।<br>• नगरको आर्थिक, सामाजिक, विकासमा उद्योगको भूमिका विषयमा छलफल गर्न लगाउने ।<br>• स्थानीय स्तरमा उद्योग विकासका लागि स्थानीय तहले खेल्न सक्ने भूमिका बारे स्पष्ट पारिदिने । | | गोदावरी नगरपालिकाको आर्थिक, सामाजिक विकासमा स्थानीय उद्योगहरुको योगदानबारे वर्णन गर्नुहोस् । | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| ४. | सरसफाइ र फोहोर व्यवस्थापन | व्यक्तिगत सरसफाइ | सेनेटरी प्याडको प्रयोग र प्रयोग गरिसकेपछि उचित व्यवस्थापन गर्ने उपाय बताउन । | - उचित तरिकाले सेनेटरी प्याडको प्रयोग गर्ने तरिका बताउने । यो कार्यका लागि सेनेटरी प्याड प्रयोग गर्ने कुनै छात्रा वा महिला शिक्षकको सहयोग लिने ।<br>- प्रयोग भैसकेका प्याडहरु जथाभावी फालेमा हुने नराम्रा असरहरुको वर्णन गर्ने ।<br>- प्रयोग भएका प्याडहरु उचित तरिकाले विसर्जन गर्ने तरिकाहरु जस्तै :- जलाउने, खाल्डोमा पुर्ने, डस्टबिनमा राख्नेबारे बताउने । | वास्तविक सेनेटरी प्याड, पोष्टर, चित्र | - सेनेटरी प्याड प्रयोग गर्ने तरिका बताउनुहोस् ।<br>- सेनेटरी प्याड प्रयोग गरिसकेपछि कसरी विसर्जन गर्नुपर्ला ? | १८ |
| | | वातावरणीय सरसफाई | घर तथा वातावरणीय सरसफाइका नयाँ नयाँ विधिहरु बताउन । | - वातावरणीय सरसफाई तथा घरको सरसफाइको क्षेत्रमा आएका नयाँ विधिहरु Youtube भिडियो, चार्टपेपर र चित्रबाट अवलोकन गराउने ।<br>- फोहोर संकलन गर्ने, संकलित फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्ने फोहरै हुन नदिने विधिहरुबारे वर्णन गर्न लगाउने । | Youtube भिडियोहरु, चार्ट पेपर, चित्रहरु | - घर तथा वातावरणीय सरसफाई गर्ने विधिहरुको सुची बनाउनुहोस् । | |
| | | फोहोर व्यवस्थापन | फोहोर व्यवस्थापनबाट आर्थिक आर्जन गर्ने उपाय बताउन | - विद्यार्थीहरुलाई फोहोरबाट मोहरको धारणबारे सोध्ने ।<br>- कहिल्यै फोहोरजन्य वस्तुबाट पैसा कमाएको अनुभव भए भन्न लगाउने ।<br>- फोहोरलाई सिधै वा पुनरुत्पादन गरी कसैले पैसा कमाएको देखे सुनेको भए भन्न लगाउने ।<br>- सड्ने खालका फोहोर, मलमुत्रबाट मल बनाउने कागज र प्लास्टिकका | | - फोहोरजन्य वस्तुहरुबाट के के बनाउन सकिन्छ ?<br>- फोहोरबाट आय आर्जन गर्न सकिने ५ वटा उदारहणहरु लेख्नुहोस् । | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | टुक्राहरुबाट खेलौना, फूलहरु बनाउन सकिने धातुका टुक्राहरु, प्लास्टिकका टुक्राहरुबाट काम लाग्ने सामानहरु तयार पारी प्रयोग गर्न वा बेच्न सकिने कुरा वर्णन गर्ने । | | | |
| ५ | तम्रा सामाजिक समस्या | आफ्नो समूदाय भित्र रहेका घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारसंग सम्वन्धित घटनाहरु<br><br>घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारले समाजमा सिर्जना गरेको सामाजिक अवस्था<br><br>घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारला नियन्त्रण गर्ने गरिएका | क) गोदावरी नगरपालिका भित्र रहेका सामाजिक समस्याहरु मध्ये घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारको वारेमा जानकारी लिन<br>ख. घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारले समाजमा पारेको असरको वारेमा परिचित हुन<br>ग.घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारलाई नियन्त्रण गर्ने उपायहरु पत्ता लगाउन । | . शिक्षकले विद्यार्थीहरुलाई उनीहरुको समुदायमा कुनै घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारसंग सम्वधित क्रियाकलापहरु पत्ता लगाउन सान्र्दभिक प्रश्नहरु सोध्ने ।<br>ख. विद्यार्थीहरुले घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारको अर्थको वारेमा स्पष्ट हुन नसकेमा शिक्षकले उनीहरुलाई घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसार अर्थ वताउने ।<br>घरेलु हिंसा भन्नाले परिवारका सदस्यहरुवाट कुनै अर्को सदस्य माथि गरिने दुर्व्यवहार हो र मानव वेचविखन तथा ओसारपोसार भन्नाले व्यक्तिको इच्छाले वा इच्छा विना देश भित्र वा देश बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले वेश्यावृतिका लागि गरिने महिला तथा वालवालिकाको ओसारपोसार तथा किन वेचलाई वुझाउछ ।<br>ग. घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारले समाजमा पर्न सक्ने असरको वारेमा समुहगत छलफल | क.सान्दर्भिक चित्रहरु<br>ख. सूचना प्रविधि<br>ग. अन्य श्रव्य दृश्य तथा मुद्रित सामग्रीहरु | १. विद्यार्थीहरुलाई निम्न प्रश्नहरु सोधी शैक्षणिक क्रियाकलापको मुल्याङ्कन गर्ने ।<br>क. घरेलु हिंसा भन्नाले के वुझ्नु हुन्छ ?<br>ख घरेलु हिंसाका कारणहरु केके हुन सक्छन् ?<br>ग. मानव वेचविखन तथा ओसारपोसार भन्नाले के वुझ्नु हुन्छ ?<br>घ. मानव वेचविखन तथा ओसारपोसारले समुदायमा कस्तो असर पर्छ ?<br>ङ घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारलाई नियन्त्रण वा कम गर्न केके गर्नु पर्ला ? | १८ |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | प्रयासहरु | | गराउने ।<br>घ. घरेलु हिंसा र मानव वेचविखन तथा ओसारपोसारलाई नियन्त्रण वा कम गर्न सक्ने उपायहरु पत्ता लगाउन कक्षामा छलफल गराउने । | | | |
| ६ | हाम्रो सुरक्षा | सडक सुरक्षा | सुरक्षित यात्राका लागि ट्राफिक नियमहरु पालना गर्न । | - ट्राफिक प्रहरीलाई कक्षाकोठामा आमन्त्रण गरी ट्राफिक चिन्ह, ड्राइभिङ लाइसेन्स, ब्लु बुक, हेल्मेट, सिटबेल्ट लगायतका कुराको जानकारी विद्यार्थीहरुलाई दिने । | ट्राफिक चिन्हहरु, ब्लुबुक, हेल्मेट आदि | - सुरक्षित यात्रा गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन् ? | १४ |
| | | घरायसी सुरक्षा | घर वा खेतबारीमा काम गर्दा हुन सक्ने दुर्घटनाबाट सुरक्षित हुन । | - प्रत्येक विद्यार्थीलाई आफूले भोगेको वा देखे सुनेको खेतबारी वा घरमा काम गर्दा घटेका घटनाका अनभव भन्न लगाउने ।<br>- ती दुर्घटना घट्नुका कारणहरु भन्न लगाउने ।<br>- दुर्घटना घट्न नदिनको लागि अपनाउनुपर्ने सावधानीबारे छलफल गराउने ।<br>- दुर्घटना घटेमा गर्नुपर्ने उपचारबारे पनि बताइदिने । | | - घरमा काम गर्दा के के दुर्घटना हुन सक्छन् ? ती दुर्घटनाबाट बच्न के सावधानी अपनाउनुपर्ला ? | |
| | | विद्युतीय सुरक्षा | विद्युतीय सामग्रीबाट उत्पन्न हुन सक्ने खतरा, खतराका कारण र बच्ने उपायहरु बताउन । | - बिजुलीको काम गर्ने अनुभवी व्यक्तिलाई कक्षाकोठामा बोलाइ निम्न क्रियाकलाप गर्ने ।<br>- विद्यार्थीहरुलाई विद्युतीय सामग्रीबाट हुन सक्ने खतराबारे भन्न लगाउने ।<br>- खतराका कारण र बच्ने उपायहरुको सुची बनाउन लगाउने । | विद्युतीय सामग्रीहरु | सुरक्षित यात्रा गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन ? | |

| क्र. सं. | क्षेत्र | विषयवस्तु | सिकाइ उपलब्धि | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | शैक्षिक सामाग्री | सम्भावित मूल्यांकन विधि र प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| | | | | - बिजुलीको अनुभवी व्यक्तिलाई विद्युतीय खतरा, खतराका कारणहरु र बच्ने उपायहरुबारे भन्न लगाउने । | | | |
| ७. | खुशीको संसार | • कबड्डी खेलको नियम बताई खेल खेल्ने कोर्ट निर्माण<br>• योग अभ्यास सूर्य नमस्कार, अनुलोम विलोम, र कपाल भाती गर्न र यिनीहरुबाट हुने फाइदा बताउने । | • कबड्डी खेलको नियम बताई खेल खेल्न ।<br>• योग अभ्यास सूर्य नमस्कार, अनुलोम विलोम, र कपाल भाती गर्न र यिनीहरुबाट हुने फाइदाहरु बताउन । | • कबड्डी खेलको परिचय दिई आवश्यक नियमबारे छलफल गराउने ।<br>• छात्र छात्र र छात्रा छात्राका छुट्टै छुट्टै समूह निर्माण गर्ने । कोर्ट निर्माण गरी समुहमा खेल्न लगाउने र शिक्षकले अवलोकन गर्ने ।<br>• योग अभ्यासका भिडियो प्रदर्शन गरी छलफल गर्दै योग अभ्यास गराउने ।<br>• स्थानीय योग गुरुलाई आमन्त्रित गराई कक्षाहरु सञ्चालन गर्ने । | • कोर्ट निर्माण गर्दा चाहिने फिता, डोरी, कोदालो, बालुवा, चुना, ड्रेस, सिटि, बोर्ड मार्कर आदि ।<br>• योग अभ्यास गरिएका पोस्टर र भिडियो । | खेल खेल्न लगाउने<br>योग अभ्यास गराउने | १४ |

## १५. कक्षा ४-८ को मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धी हासिल भएनभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्ङ्याकन गरिने छ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो आन्तरिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा रहनु पर्दछ । आन्तरिक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । आन्तरिक मूल्याङ्कनमा कक्षा क्रियाकलाप , विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरु, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धी विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजु सुची श्रेणी मापन लगायतका व्यवहार, अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरु, व्यवहारिक समस्या लगायतका कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरु हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात गरी सो क्षेत्र वा एकाइ अर्न्तगतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरुको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटक पटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

(क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रुपमा अभिलेखित गर्नु पर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रुपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २. | प्रयोगात्मक/परियोजना | ३६ |
| ३. | त्रैमासिक परीक्षा | १० |
| | | ५० |

(ख) आवधिक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरुबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र वोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुप विद्यार्थीहरुले ज्ञान, सिप, अभिवृत्ति र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुप विद्यार्थीहरुले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकालाई अधारचच मानी निर्माण गरिनुपर्छ ।

## १६. शिक्षण सिकाइका लागि माध्यम भाषा

कैलाली जिल्लाको गोदावरी नगरपालिकामा बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोबास रहेकोले यहाँ विभिन्न जातजाती र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरु बसोबास गर्दछन् । प्रायः जसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरुमा समेत विभिन्न भाषाहरु

तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरु हुन सक्दछन् । स्थानीय पाठ्यक्रममा स्थानीय ठाउँको भूगोल, कला, संस्कृति, परम्परा, जीवनशैलाी आदि कुरा समेटिएकाले विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरु विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरुको प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुनेछ । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गइ सिकाइलाई सजिलो र सहज बनाउन सकिने हुनछ । तेस्रो भाषा अङ्ग्रेजीलाई समान्यतया प्राथमिक तहको स्थानीय पाठ्यक्रम शिक्षणको माध्यम भाषाका रुपमा प्रयोग गर्नु विषयवस्तु सिकाइ र भाषा सिकाइ दुवै दृष्टिले् उपयुक्त हुँदैन । तसर्थ गोदावरी नगरपालिकाको आधारभूत तह (कक्षा ४-८) को स्थानीय पाठ्यक्रम २०८० को प्रभावकारी कार्यान्वयनका लागि बहुमातृभाषी र पठनपाठनका लागि माध्यम भाषाको व्यवस्था मातृभाषा वा नेपाली भाषा हुनेछ । बहुमातृभाषी विद्यार्थीहरु समावेश भएका कक्षामा पाठ्यसमाग्री जुन भाषामा भए पनि बहुभाषी शिक्षक भएसम्म कक्षाकोठाको शिक्षण सिकाइमा बहुभाषा प्रयोग गर्नु उपयुक्त हुने छ ।

## १७. पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार

पाठ्यक्रम एक गतिशील प्रक्रिया हो ।पाठ्यक्रमको कार्यान्वयन प्रारम्भ भएपछि प्राप्त हुने पृष्ठपोषणका आधारमा कार्यान्वयन भएको पाँच वर्षमा पाठ्यक्रमको पुनरावलोकन गरिनेछ भने कार्यान्वयन भएको दश वर्षमा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रममा आवश्यक परिमार्जन गरिनेछ ।

विशिष्टीकरण तालिका

सैद्धान्तिक परीक्षा

पूर्णांक-५० समयः२ घण्टा

| **एकाइ** | **कार्य घण्टा** | **अति छोटो** | | | **छोटो** | | | **लामो** | | | **अंक** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | प्रयोग | उच्च दक्षता | ज्ञानर बोध | प्रयोग | उच्च दक्षता | ज्ञानर बोध | प्रयोग | उच्च दक्षता | |
| १.हामी र हाम्रो गोदावरी | २३ | १अंक×१ | | | ३ अंक×१ | | | ५ अंक×१ | | | ९ |
| २.हाम्रो सम्पदा | २३ | १अंक×१ | | | | ३ अंक×१ | | | ५ अंक×१ | | ९ |
| ३.स्थानीय पेशा, व्यवसाय र प्रविधि | १८ | १अंक×१ | | | ३ अंक×१ | | ३ अंक×१ | | | | ७ |
| ४.सरसफाइ र फोहोर व्यवस्थापन | १८ | | १अंक×१ | | | ३ अंक×१ | ३ अंक×१ | | | | ७ |
| ५.हाम्रा सामाजिक समस्या | १८ | | | १अंक×२ | | | | | | ५ अंक×१ | ७ |
| ६.हाम्रो सुरक्षा | १४ | १अंक×१ | १अंक×१ | १अंक×१ | | ३ अंक×१ | | | | | ६ |
| ७.खुसीको संसार | १४ | १अंक×१ | १अंक×१ | | | ३ अंक×१ | | | | | ५ |

| | | | |
|---|---|---|---|
| अति छोटा प्रश्नः ११ प्रश्न ×१ अंक - ११अंक | | | |
| छोटा प्रश्नः ८ प्रश्न × ३ अंक- २४ अंक | | | |
| लामो प्रश्नः ३ प्रश्न × ५ अंक- १५ अंक | | | |
| जम्मा- ५० अंक | | | |